# परिच्छेदः एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपाल राज्यको जुन जातिगत भाषिक र सांस्कृतिक विविधता छ त्यो वास्तवमै नेपालको विशेषता हो, गहना हो र सम्पति हो । जनजाति उत्थान प्रतिष्ठानले आफ्नो मातृभाषा र परम्परागत रितीरिवाज भएको तर हिन्दु वर्णाश्रम व्यवस्था भित्र नपर्ने जनजातिमा पर्दछन् भनेर जनजातिको परिभाषा दिएको छ । (कोइराला, २०६१:७८)

यसरी जनजातिको आफ्नै रितिरिवाज र परम्परागत रितीरिवाज भएको तर हिन्दु वर्णाश्रम व्यवस्था भित्र नपर्ने जनजातिमा पर्दछन् भनेर जनजातिको परिभाषा दिएको छ । त्यसैले जनजाति आफ्नै रितिरिवाज र परम्परा पनि हुने ४ वर्ण मध्ये नपर्ने भएकाले यहाँ थारू पनि जनजाति नै हो ।

"थारू आदिवासी र नेपाल" भन्ने पुस्तकमा थारू जातिको उत्पति राजस्थानको थार मरूभूमिबाट भएको हो, यिनीहरू परापूर्व कालदेखि पहाडको खोच, भित्री मेधस र तराईमा बसोबास गर्दै आएका हुन् । यिनीहरू मङ्गोल मुलका हुन् भन्नेमा कुनै शंका छैन । लगभग ५००० वर्ष पूर्वदखि यिनीहरू यस क्षेत्रमा बसोबास गर्दै आएका छन् । (घिमिरे, २०५९:३५)

थारू जाति नेपालका जनजाति मध्ये मधेशमूलको जनजाति हुन् । जुन विशेषगरी आर्थिकरूपले अति नै बिपन्न रहेका छन् । यिनीहरू अन्यत्र जहान परिवार पाल्नका लागि अरूको खेतमा मजदुर भई काम गर्ने, केही बधुवा मजदुर वा हलियाका रूपमा वा दास भएर पनि बसेका छन् ।

"नेपालको राजा तथा तराईका थारू" भन्ने पुस्तकमा था शब्द 'था' र 'रू' बाट बनेको छ जसको अर्थ 'था' भनेको तराई र 'रू' भनेको स्थायी बसोबास गर्ने मानिस अर्थात् थारू भनेका तराईमा बसोबास गर्ने मुलवासी तथा आदिवासी हो । (पञ्जियार, २०५८:२७)

यस अवस्थामा थारू जातिले शिक्षातर्फ खासै ध्यान दिएको देखिँदैन तर आजभोली उनीहरूलाई आधुनिकताले केही मात्रामा छोएको पाइन्छ । थारू जातीको साक्षरता प्रतिशत सन् १९९१ मा २८.३ प्रतिशत रहेकोमा सन् २००१ मा ५३.७ प्रतिशत भएकोबाट पनि सो कुरा बुझ्नुपर्छ ।

यसरी यस जातिमा साक्षरता दर बढे तापनि महिला शिक्षा तर्फ भने खासै ध्यान दिएको देखिदैन । थारू बालिकाहरू शिक्षाको क्षेत्रमा अझै पनि खुलेर लाग्न सकेका छैनन् । यी समुदायका बालिकाहरूको शैक्षिक अवस्था गरिबी, रितीरिवाज तथा अन्धविश्वासका कारण अत्यन्तै दयनीय छ। (गुरूङ्ग, २०६३ः ९८)

सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत हाल विश्वमा अविकसित राष्ट्रहरूमा रहेका गरिबी निवारण गर्न शिक्षाका माध्यमबाट मात्र सम्भव छ भन्ने दृष्टिगत गरी सन् २०१५ सम्म विद्यालय शिक्षाबाट बाहिर रहेका सबै बालबालिकाहरूलाई सहभागी गराउने लक्ष्य राखिएको छ। सबैका लागि शिक्षा समानताका लागि फड्को भन्ने प्रतिबद्धताका साथ प्राथमिक शिक्षामा सबैको पहुँच बढाउन जीवन सीप प्रदान गर्ने र वास्तविक समस्यामा केन्द्रित रही शिक्षा प्रदान गर्ने उद्देश्य रहेको छ । यसका लागि सन् २००२-२००५ सम्म विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तकहरूको सुधार, परिमार्जन, संसोधन गर्ने, शिक्षण सिकाई क्रियाकलापलाई सुधार गर्ने, शिक्षक तालिम, जीवन सीप शिक्षाको मूल्याङ्कन निरन्तर अनुगमन मूल्याङ्कन जस्ता कार्यहरू गर्नुपर्ने कुरामा जोड दिइएको छ। यसका लागि समुदायमा आधारित सिकाइ केन्द्रको माध्यमद्वारा शिक्षामा सबैको पहुँच बढाउने कुरामा जोड दिइएको छ। त्यस्तै छात्र शिक्षा र लैङ्गिक समानताको मुद्दालाई प्राथमिकता दिई सबल समाजको निर्माणमा नीतिगत रूपमा लाग्नु पर्ने अवस्था देखिन्छ।

शिक्षा मानव जीवनको आधारभूत पक्ष हो, राष्ट्रिय विकासको मेरूदण्ड हो । शिक्षाबाट व्यक्ति आफूलाई र सबैलाई परिवर्तन गर्ने प्रेरणा, क्षमता र ज्ञानको आर्जन गर्न सक्छ तसर्थ शैक्षिक न्याय दिलाउनु राज्यकै दायित्व हो । विश्वमा अहिले ११.३ करोड बालबालिकाका शिक्षाको पहुँचभित्र छैनन्। ८५.५ करोड प्रौढहरू निरक्षर छन्। जसमध्ये ६५ प्रतिशत महिला मात्र छन् । अविकसित राष्ट्रमा कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये करीव ५० प्रतिशत मात्र कक्षा ५ मा पुग्दछन् । बाँकी ५० प्रतिशत मध्ये धेरैले १-२ कक्षा छाड्दछन् । शैक्षिक उपलब्धि कम हुनुमा गरिबी नै मुख्य कारण मानिएको छ। (कोइराला, २०६१:२१)

रूपन्देही जिल्लाको क्षेत्र नं. ५ अन्तर्गत पर्ने थारू जातिको बढी बसोबास भएको गजेडी गा.वि.स. रूपन्देही जिल्लामा भए पनि शैक्षिक दृष्टिकोणले पछाडि देखिन्छ । किनकी यस गा.वि.स मा विद्यालयको संख्या धेरै भए तापनि थारू जनजातिको रूपमा चिनिने थारू जातिको साक्षारता न्यून छ । कृषि पेशामा आधारित यस जातिको यस पेशामा मानिसको सबैसँग भूमी नभएर अर्ध भूमीहिन अवस्थामा रहेका छन् । कृषि पेशामा न्यून ज्यालामा मजदुर गर्ने जातिहरू जीवन धान्नको लागि अन्य कार्यहरू गर्दछन् । जनगणना २०५८ का अनुसार नेपालको जनसंख्यालाई जातजातिका आधारमा केलाउँदा थारू ६.४६ प्रतिशत रहेका छन् । (केन्द्रिय तथ्याङ्क विभाग, २०५९)

शारीरिक रूपमा बलीया, गहुँगोरा अन्यजाति भन्दा केही काला माछामासु, जाड रक्सी बढी खाने अत्यन्त परिश्रमी थारू जातिको संस्कृति भाषा, रीतिरिवाज प्रवृत्ति अन्य जातिको भन्दा फरक पाइन्छ । यसरी थारूहरूको मूल थलोका सन्दर्भमा विद्वान्हरूको मत आजसम्म पनि एउटै हुन सकेको छैन तर पनि थारू जाति नेपालका आदिवासी नै हुन् । यदि आदिवासी नभएर ऐतिहासिक कालमा बाहिरबाट आएका भए किन पहाड हिमालमा नवसी पूर्वदेखि पश्चिमसम्म तराइका उत्तरी खोच महाभारत पर्वतमालाको बीच भित्री मदेशमा जहाँ अन्यन्त्र भन्दा अस्वस्थकर जलवायु छ त्यहि भागमा बसे भन्ने भनाई छ । (शर्मा, २०५४ : ४१)

गरीव तथा सोझा थारूका समस्या समाधानमा सरकारी तथा गैरसरकारी संस्थाहरू जि.टि.जेड. बेस पश्चिम तराई गरीवि, निवारण संघ, थारू वेश पश्चिम तराई गरीवि निवारण संघ, आदि संस्थाहरूले गरीविको चपेटामा परेका थारूहरूको आर्थिक, सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू संचालन गरी आफ्नो कार्यक्षमतामा वृद्धि गरिहेका छन् ।

थारू समुदायमा शिक्षाको महत्त्व बुझ्ने अभिभावक निकै कम छन् । यस माथि पनि छोरी वा बुहारी बसेर खाना पकाउने, घर धन्दा गर्ने, बच्चाहरूको हेरविचार गर्ने भन्ने मानसिकता रहेको छ । अलि सभ्रान्त परिवारका छोरा बुहारीहरू केही पढेको भए तापनि गरीव परिवारका छोरी बुहारीहरू स्वयम् काममा गएर कमाएर ल्याउनु पर्ने बाध्यता भएको वा आमा बुबाहरूले भाईबैनी हेर्ने जस्ता कार्य सुम्पिने भएकाले यस समुदायका बालिकाहरू पछि परेका छन् । केही बालिकाहरू विद्यालय गए तापनि विद्यालय जानुपूर्वका कार्य र घर आइपुगेर गर्ने कार्यभारले गर्दा शिक्षा वा पढाई तिर सोच्ने मौका नै हुदैन । पढ्नु पर्छ र पढनका निम्ति समय दिनुपर्छ भन्ने भावना अभिभावकहरूमा पनि विरलै पाइन्छ । सन् १९९१

को अध्ययन अनुसार जम्मा ६.५ प्रतिशत थारू जनसंख्या रहेको नेपालमा उच्च शिक्षा सम्म पुगेका थारूहरूको संख्या जम्मा ९०१ वा कुल थारू जनसंख्याको ०.९ प्रतिशत छ । यति न्यून व्यक्तिहरूको उच्च शिक्षा हासिल गरेको यस समुदायका बालिकाहरूको शैक्षिक अवस्था कस्तो छ भन्ने विषयमा अध्ययनलाई अघि बढाइएको छ ।

## १.२ समस्याको कथन

नेपाली समाज आर्थिक क्षमता, जात जातिय, लैङ्गिक, शासकिय शक्ति इत्यादिका आधारमा विभाजित छ । यस्तो विभाजनले समाजमा सानो र ठूलो, शक्तिशाली र शक्तिहीन, हामी र उनीहरू भन्ने जस्ता भावनाको सिर्जना तथा विकास गर्नुका साथै साधन र सुविधाको पहुचमा पनि प्रभाव परेको हुन्छ । यस्तो विभाजनले सामाजिक असमानतालाई कायम गर्न र त्यस्तो असमानतालाई निरन्तर पुनरूत्पादन गर्न सहयोग गरिरहेको देखिन्छ । गरिबी बेरोजगारी लगायतका सामाजिक सांस्कृतिक असमानताहरू बाट विश्वका कुनै पनि कुनामा रहेका मानव समुदाय मुक्त देखिँदैनन् । नेपाली समाज मूलतः पितृसत्तात्मक स्वरूपको सार्वजनिक, पारिवारिक तथा व्यक्तिगत निर्णयहरूमा पुरूषप्रधान सोचाई वा मानसिकताको प्रतिबिम्ब देखिन्छ । आफ्नसम्म पनि कानूनी व्यवस्थामा समेत महिलाहरू प्रति विभेद र असमानता भईरहेको पाइन्छ ।

यस अवस्थामा थारू जस्तो पिछडिएको समुदाय यसबाट अछुतो रहन सक्दैन । यस समुदायका बालिकाहरूको शैक्षिक अवस्था सुध्रिन नसक्नु कुनै अनौठो कुरा रहेन । यस अध्ययनका मुख्य समस्याहरू पनि यसै विषयमा केन्द्रित रहेको छ, जुन निम्न छन् :

(क) थारू अभिभावकहरूले आफ्ना छोरीहरूलाई विद्यालय भर्ना गर्नुपर्ने धारणा कस्तो छ?

(ख) के थारू समुदायका व्यक्ति वा अभिभावकहरूले थारू बालिकाहरूलाई शिक्षा प्राप्तिमा लैङ्गिक विभेद गर्ने गरेका छन् ?

(ग) के थारू मुलका बालिकाहरूको शैक्षिक अवस्था अन्य मूलका बालिकाहरू भन्दा राम्रो छ?

उपर्युक्त कुरालाई मनन गरी प्राथमिक तहका थारू बालिकाहरूको शैक्षिक अवस्थालाई यस अध्ययनको समस्या कथनको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्यता

सन् १९९० मा थाइलेण्डको जोम्टिनमा भएको सबैका लागि शिक्षासम्बन्धी विश्व सम्मेलनको घोषण पत्रलाई सन् २००० मा सेनेगलको डकारमा भएको विश्व शिक्षा मंचले समिक्षा गर्दै सन् २०१५ सम्ममा विश्वका सबै बालबालिकाहरूलाई प्राथमिक स्तर सम्मको शिक्षा निःशुल्क र अनिवार्य रूपमा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरेको छ । यो घोषण पत्रअनुसार सन् २०१५ सम्मको 'सबैका लागि शिक्षा' हासिल गर्न ६ वटा मुख्य उद्देश्यहरू राखिएका छन् र ती उद्देश्य पूरा गर्न नेपालले पनि सन् २०१५ सम्म सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना ( २००१–२०१५) बनाइ यसअन्तर्गत सबैका लागि शिक्षा कार्यक्रम (२००१–२००९) कार्यान्वयन गर्न शुरू गरिसकेको छ । यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गरे तापनि यस समुदायका बालबालिकाहरूको अवस्था अझ सुधिन सकेको छैन । शिक्षा सबैका नैसर्गिक अधिकार हो । सम्मुनत राष्ट्रको निर्माण गरी प्रत्येक समुदायको सबैको लागि शिक्षाको सुनिश्चितता गरिनुपर्दछ । अल्पसंख्यक जाति जनजातिहरू शिक्षाको अवसरबाट वंचित छन् । त्यसमा पनि थारू जातिका विशेष गरी महिला र बालिकाहरू शिक्षाको अन्धकारमा रूमलिएका छन् । केहि महिला एवम् बालिकाहरू सामाजिक रीतिरिवाजले त केहि गरिबीले उम्कन सकेका छैनन् । त्यस्तै राज्यको उपेक्षा तथा मातृभाषामा शिक्षा प्रदान गर्न नसक्नु अर्को कारण हो । यस परिप्रेक्ष्यमा 'सबैका लागि शिक्षा' को मान्यताआई सर्वव्यापी गराउन आफैमा एक महत्त्वपूर्ण प्रश्न र चुनौती हो । यसैले थारू समुदायका बालिकाहरूलाई शिक्षाको ज्योति प्रदान गर्न तथा सबैका लागि शिक्षाको निश्चय मान्यताको एकाकार गर्न विशेष कदम चाल्नु पर्ने हुन्छ ।

उपयुक्त कारणहरूका साथसाथै विद्यालय भर्ना भएका थारू बालिकाहरूलाई अरूमूलका साथीहरूले होच्याउने प्रवृत्ति देखिनु, अभिभावकहरूको पनि उनीहरूको शिक्षा प्रतिको त्यति चासो दिएको देखिँदैन । केहि अभिभावक त शिक्षामा बालिकाका लागि लगानी गर्न पनि चाहदैनन् भने केहि लगानी मात्र गर्ने तर कुनै चासो नदिने विद्यालय जानु अघि र पछि घरका कार्यमा लगाउने, घरमा अध्ययन गर्ने समयमा पनि काममा लगाउने, पढ्ने समय उपलब्ध नगराउने प्रवृत्ति र यथार्थता देखिन्छ । जुन अझ ठूलो जटिल समस्या हो । यो अध्ययन मूलतः यिनै समस्याहरूका निराकरणका उपायहरूका खोजी कार्यमा केन्द्रित रहेको छ ।

रूपन्देही जिल्लामा थारू बालिकाहरूको शैक्षिक अवस्था पत्ता लगाउनु, आधुनिकताको आभास नभएको यस क्षेत्रको थारू बालिकाहरूको शैक्षिकस्तर माथि उठाउने उपायहरूको खोजि गर्नु ।

थारू बालिकाहरूलाई समाजमा नराम्रो दृष्टिले हेरी गर्ने व्यवहारको अन्त्य गर्नु, थारू बालिकाहरूको शैक्षिक विकास अझै माथि उठाउनका लागि शिक्षक, विद्यालय तथा अभिभावकलाई सुझाउनु ।

सरकारी र गैर सरकारी संघसंस्थाहरूद्वारा रूपन्देही जिल्लाका प्राथमिक विद्यालयहरूमा थारू बालिकाहरूको शैक्षिकस्तर उठाउने खालका योजना बनाउन घचघच्याउनु, थारू बालिकाहरूको शैक्षिक अवस्थाको अध्ययन गर्न चाहने व्यक्ति, संघ संस्थाहरूलाई आवश्यक सहयोग पुऱ्याउनु रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरू निम्नलिखित छन् ।

(क) थारू समुदायका बालिकाहरूको भर्ना स्थिति पत्ता लगाउनु ।

(ख) थारू समुदायका बालिकाहरूको शैक्षिक उपलब्धिको विश्लेषण गर्नु ।

(ग) थारू अभिभावकहरूको आफ्ना छोरीहरूको शिक्षाप्रतिको धारणा पत्ता लगाउनु ।

(घ) थारू बालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउने उपाय सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यो अनुसन्धानको उद्देश्य पूरा गर्नको लागि निम्नानुसारका अनुसन्धानात्मक तयार पारिएका छन् ।

(क) विद्यालयका प्राथमिक तहहरूमा थारूबालिकाहरूको भर्ना स्थिति कस्तो छ ?

(ख) प्राथमिक स्तरमा अध्ययनरत थारू समुदायका बालिकाहरूको शैक्षिक अवस्था कस्तो छ ?

(ग) थारू बालिकाहरूको शैक्षिक स्तर के कारणले अन्य जातिका बालिकाहरूको तुलनामा खस्कदै छ ?

(घ) थारू बालिकाका शिक्षा प्राप्तिका समस्याहरू के-के हुन् ?

(ङ) थारू बालिकाहरूलाई शिक्षा दिने सन्दर्भमा अभिभावकहरूको धारणा कस्तो छ ?

(च) थारू बालिकाहरू शिक्षाको मूलधारबाट विभेद हुनाका कारणहरू के के हुन ?

(छ) थारू बालिकाहरूको अभिभावकको शैक्षिक अवस्था के कस्तो छ ?

(ज) थारू बालिकाहरूको शैक्षिक स्तर उकास्न के के उपायहरू अवलम्बन गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन नेपालको तराई क्षेत्र भित्र पर्ने लुम्विनी अञ्चलका जिल्लाहरूमध्ये रूपन्देही जिल्लाको गजेडी गा.वि.स.मा गरिएको प्राज्ञिक अध्ययन हो । यस गा.वि.स. मा अवस्थित ६ वटा सामुदायिक विद्यालयहरूमध्ये २ वटा सामुदायिक विद्यालयहरूलाई लक्षित केन्द्र मानी यो अध्ययन सम्पन्न गरिएको छ । संस्थागत विद्यालयहरूलाई यसमा समावेश गरिएको छैन । यसबाट नतिजामा केही फरक पर्ने कुरामा अनुसन्धान कर्ता सचेत छ । न्यून आर्थिक लगानी, कम समय तथा स्थानीय स्रोत साधनको उपयोग गरी यो अध्ययन सम्पन्न गरिएको छ । त्यसैगरी यस अध्ययनसँग सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, शिक्षिका, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक-अभिभावक संघका अध्यक्ष, थारू बालिकाहरू र उनीहरूका अभिभावक तथा गैर थारू बालबालिकाहरूलाई अध्ययनको परिसीमाभित्र राखिएको छ ।

यसका साथसाथै यस अध्ययनमा थारू बालिकाहरूको शैक्षिक अवस्थाभित्र भर्ना स्थिति, अतिरिक्त क्रियाकलापमा सहभागीता तथा शैक्षिक उपलब्धिलाई मुख्य रूपमा अध्ययन गरिने छ । यो अध्ययन प्राथमिक तहको थारू बालिकाहरूमा मात्र केन्द्रित रहेको छ । यस अध्ययनमा थारू बालिकाहरूको शैक्षिक अवस्था बाहेक सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक अवस्थाको गहिराइमा पुगिएको छैन ।

# परिच्छेदः दुई

## सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक ढाँचा

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि समाजमा विशेष गरी नारीको स्थान अलग रहेको पाइन्छ । मूलतः नारीको स्थान उनीहरूको सम्पादन गर्ने आर्थिक कारोबारमा भर पर्ने हुन्छ । आर्थिक कारोबारमा महिलाको निर्णायक भूमिका रहे तिनीहरूको परिवारमा पारिवारीक स्थिति माथि रहने गर्दछ । थारू समुदायमा महिलाहरू बढी मात्रामा घरेलु क्रियाकलाप जस्तैः घरधन्दा, मेलापात, वनजङ्गल जाने, जाँड रक्सी बनाउने, गाईवस्तुको हेरचाह सम्बन्धी कार्यमा नै बढी समय बिताउने गर्दछन् । बाह्य र आर्थिक कारोवारमा प्रायः पुरुष वर्गको बढी निर्णायक भूमिका रहेको देखिन्छ । (अर्याल, २०६० : १०३)

भित्री मधेश वा तराईको उत्तरी क्षेत्रका यि मूल निवासी चुरे पहाडका वेशीमा कोशीदेखि कर्णालीसम्म फिजिएका छन् । आकृतिले मंगोल जस्तै देखिए तापनि धेरै समयदेखि दक्षिणका आर्य जातिको सम्पर्कमा परेकाले यिनीहरूको पुरानो संस्कार परिवर्तन भै सकेको छ । स्थानको कारणले थारूहरूको जातियता भाषामा पनि अन्तर परेको छ । मुख्य जीविका कृषि र पशुपालन भएका यस जातिमा स्त्रीको स्थान उच्च किसिमको हुन्छ । (शर्मा, २०४४:७१)

थारू जाति संयुक्त परिवारमा बस्न रूचाउछन् । सालखाला १०-१५ र अधिकतम ५०-६० जनाको संयुक्त परिवारमा पनि बसिरहेका हुन्छन् । थारूहरूमा पितृ सत्तात्मक प्रथा हुँदाहुँदै पनि मातृत्वको निकै सक्रिय सहभागिता हुन्छ । माता पिताको संयुक्त गठनले एउटा सबल परिवारको स्थापना भएको हुन्छ । थारू समाजमा पनि पितृ प्रधान र वंशानुक्रमका सिलसिलामा पुरूषको थर र गोत्रबाट नै प्रारम्भ गरिन्छ । (रेग्मी, २०३५:११)

शिक्षाको कमीले गर्दा थारू जाति अन्धविश्वास र रूढीवादी विचारबाट ग्रस्त छन् । थारू जातिको मनोबैज्ञानिक विश्लेषण गर्दा आफ्नो खेती छर्दै छ, पढाएर के मतबल भनेको पाइन्छ । केटाहरू ठुलो भएपछि खेतीमा लागिहाल्छन् भन्ने मनोवृत्तिले थारू जातिमा शिक्षाको विकासमा बाधा पुऱ्याएको देखिन्छ । प्रवेशिका तहमा पुगेपछि थारू जातिका केटाकेटीहरूको मन यौन तिर ढल्केर उनीहरू परीक्षामा असफल हुन्छन् ।(प्रसाद, २०३४: ५५)

थारू समुदायका बालबालिकाहरूको भर्नादर एकदमै कम छ, तर प्राथमिक सतरमा थारूहरूको सहभागिता अन्य स्तरमा भन्दा बढ्दो छ र थारू बालिकाहरूको सहभागिता दुबै स्तरमा कम छ । निम्न माध्यमिकस्तरमा बालिकाको संख्या शुन्य छ भने प्राथमिकस्तरमा थारू बालिकाहरूको संख्या २.२ प्रतिशत मात्र छ। (वस्नेत,१९७८:८५०)

रजौरे (१९८१) अनुसार थारू समुदायका जम्मा १७.१ प्रतिशत मान्छेहरू शिक्षित रहेको जसमा मात्र ०.५ प्रतिशत महिला रहेका छन् । उनका अनुसार शिक्षामा महिला वा बालिकाहरूको कम सहभागिताका कारणमा घरेलु कार्य भार, छोरी अर्काको घर जाने कारणमा घरेलु कार्य भन्ने धारणा, महिला शिक्षामा कम लगानी, अज्ञानता र अशिक्षा, चेतनाको कमी, कम उमेरमा विवाह गर्ने प्रथा तथा भाषागत समस्या रहेका  छन् ।

थारू, (२००१) थारूहरू मुख्यतया गरिब र अशिक्षित भएका कारण नै विद्यालयमा सहभागिता कम छ तर पनि आजभोली छोराछोरीहरूलाई पनि पढाउनु पर्छ भन्ने भावना जागेको छ । गैर थारू भन्दा थारूहरूको विद्यालय जाने लहर बढेको छ। अभिभावकहरूले पनि छोरा छोरी एकै हुन् र दुबैलाई समान पठाउनु पर्छ भन्ने धारण जागे पनि गरिबीका कारण ५० प्रतिशत बालबालिकाहरू माध्यमिक स्तरको पढाई पुरा गर्दैनन् भनि उल्लेख गरिएको छ।

विद्यालयमा छात्रा शिक्षाको अवस्थामा सवैका लागि शिक्षा (युनिसेफ, २००९) को  प्रतिवेदन अनुसार शिक्षा विभागले विद्यालयमा लैङ्गिक समानताको अवस्थामाथि गरेको एक अध्ययन प्रतिवेदनले सर्वेक्षण गरेको विद्यालयको आधारमा तयार गरेको लैङ्गिक समानताको अवस्थाको साराशंबाट वर्तमान सन्दर्भमा समेत विद्यालयमा पनि लैङ्गिक असमानता व्याप्त रहेको देखियो । त्यस्तै छात्रा तथा पिछडिएका वर्गलाई दिइदै आएको छात्रवृत्ति अव्यवस्थित र संयोजनरहित भएको पाईयो । त्यस्तै छात्राहरू विद्यालयमा नजानुको प्रमुख कारण महिला शिक्षकको अनुपस्थिति पनि रहेको छ। थारू आदिवासी समुदायमा छात्रा शिक्षाको लागि चेतनाको कमी र विद्यालय स्तरमा लैङ्गिक स्थिति न्यायसंगत नहुनुमा पुरूष प्रधान समाज प्रमुख कारक रहेको देखियो तर सामुदायिक विद्यायहरूमा छात्राको अनुपात तुलनात्मक रूपमा राम्रो देखियो ( एजुकेसनल पेजेज, २०६५) । थारूको शैक्षिक क्षेत्रमा सप्तरी जिल्ला सबैभन्दा अगाडी छ त्यसपछि क्रमश, सुनसरी मोरङ्ग, दाङ्ग, आउँछन् भने रूपन्देही जिल्ला शिक्षामा तुलनात्मक रूपमा पछाडी छ भन्ने देखाएका छन् (चौधरी २०५५:२३)

थारूहरूको इतिहास ११ औं शताब्दीबाट शुरू भएको देखिन्छ । थारूहरू पहिले देखि नै सिन्धु परायदिपमा बसोबास गरेको पाइन्छ । १५ औं शताब्दीमा थारूहरूको राज्य राजखानदानलाई सूम्पियो । जसले आजको उत्तर वंगालको काम्तपुरमा राज्य गर्दथे । १६ औं शताव्दीमा तिब्बतीय लामा तारानाथले त्याम्पर्ना राज्यमा थारूहरूको बाहुल्यीता रहेको चर्चा गरेका छन् । १९ औ शताब्दीको सुरूमा खोज कर्ताहरूले थारूहरूको उत्पति स्थान "थार" मरूभूमी भारतको राजस्थानमा भएको बताएका छन् । (ढकाल, २०६३:३)

पाण्डे (२०५६) को अनुसार नेपालका जनजातिहरूको पुस्तकमा थारूहरूको शैक्षिक अवस्था ज्यादै दयनीय देखिएको, कृषि तथा पशुपालनको काममा बढी समय, दिएको, थारूहरूले छोराछोरीलाई विद्यालय पठाउनुको सट्टा खेतीपातीको काम गर्न लगाइएको पाइएको छ । यसको मुख्य कारणमा अशिक्षित आमाबाबु तथा गरिबी भएको उल्लेख गरिएको छ ।

शर्मा (२०६२) शिक्षाका आधार भन्ने पुस्तकमा शिक्षामा बालबालिकाहरूको पहुँच यथोचित भागमा पुग्न नसक्नुमा निम्न कारक तत्वहरूमा विद्यालयले तोकेको पोशाक लगाउने क्षमताको कमी हुनु, पारिवारिक एवम् सामाजिक सङ्कुचित धारणामा परिवर्तन आउन नसक्नु, छोरीलाई घरेलु कामकाजमा मात्र सीमित राख्नु आदि ।

यसरी माथी उल्लेखीत सम्बन्धित साहित्यको अध्ययनबाट थारूजातिको बारेमा, विविध पक्षको बारेमा थुप्रै जानकारीहरू पाइन्छ । यी पुस्तक तथा लेख रचनाहरूले थारू जातिको प्रकाश पार्नुका साथै यीनीहरूको साक्षारता प्रतिशत पनि स्पष्ट पारेको छ तापनि रूपन्देही जिल्ला गजेडी गा.वि.स. अन्तर्गत पर्ने प्राथमिकता तहका थारू बालिकाहरूको शैक्षिक अवस्थाको बारेमा छुट्टै गहन अध्ययन गरेको पाइदैन त्यसैले माथी उल्लेख गरिएका लेखरचनाहरूसँग यसको सम्बन्ध नरहेकाले यो अध्ययनमा सोही शीर्षकले थारू बालिकाहरूको शैक्षिक अध्ययनको बारेमा विश्लेषणात्मक ढंगले खोज अनुसन्धान गरेको छ ।

## २.२ सैद्धान्तिक ढाँचा

कान्ट-रावल, १९७२ का अनुसार न्यायको दुईवटा सिद्धान्त हुन्छ भनेर व्याख्या गरेका छन् । पहिलो सबैलाई बराबर किसिमबाट सामाजिक, आर्थिक स्रोत र साधन बाािडिनुपर्छ । स्वतन्त्रताको अधिकार, समानताको अधिकार आदि यसअन्तर्गत पर्दछन् । त्यस्तै जनकल्याणका लागि चालिएका कदमहरू विद्यालय, विश्वविद्यालय, अस्पताल, सडक सार्वजनिक सेवा-सुविधा

देशका सबै व्यक्तिले समानरूपले प्रयोग गर्न पाउने अधिकार हुन्छ तर पनि कतिपय व्यक्तिहरू ती सेवा सुविधाको प्रयोगबाट बन्चित नै हुन्छन् । जस्तो सबै समूहका बालबालिका विद्यालय आउादैनन किन आउदैनन् ? तिनलाई कुन कुराको आवश्यकता छ ? कुन अवस्थामा तिनीहरू विद्यालय आउँछन् ? अर्थात् स्रोतको विवरण विशेष समुहमा पुग्न पर्‍यो । त्यसपछि दोस्रो सिद्धान्त प्रकासमा आयो ।

यस सिद्धान्त अनुसार समाजमा आर्थिक समानता नहुनुको कारण पत्ता लगाएर कुन समुहका लागि कस्तो स्रोतको आवश्यकता पर्छ सोहि अनुरूप स्रोत उपलब्ध राष्ट्रले गराउनुपर्छ, सामाजिक न्यायका लागि सबैलाई बराबर किसिमबाट सामाजिक, आर्थिक स्रोत बाडिनु पर्छ भन्ने होइन अर्थात् सामाजिक न्यायका लागि समानतामा नपुग्ने र यसका लागि समता चाहिन्छ ।

त्यस्तै अर्का शिक्षाविद् पाउलो फ्रेरेले सन् १९६८ मा समाजलाई सशक्तिकरणबाट शिक्षित गरी अगाडि बढाउनु पर्छ भनेका छन् । उनले आफ्नो पिछडिएको वर्गलाई शिक्षण भन्ने पुस्तकमा तल्लो वर्ग वा दविएकाहरूलाई सशक्तिकरण गर्दै साक्षर बनाउनु पर्ने कुरामा जोड दिएका छन् । उनका अनुसार समुदायमा तल्लो तहका व्यक्तिहरूको परिवेश अनुसार शिक्षण गर्दै साक्षर बनाउनुपर्छ । शिक्षालाई बैंक्तिक पद्धति र सम्भ्रान्त वर्गका लागि मात्र सीमित गरिनु हुादैन र शिक्षण प्रक्रियामा सीमित पाठ्यक्रम, विषयवस्तुमा मात्र आधारित भएका दैनिक जीवनमा समस्या, हक अधिकारहरू प्राप्त गर्न सकिदैन । समुदाय सशक्तिकरण प्रविधि विकासका माध्यमबाट फ्रेरेको साक्षरता पुनरूत्पादन विधि अनुसार शिक्षण सिकाइ भनेको शिक्षकले विद्यार्थीलाई शिक्षा हस्तान्तरण गर्ने होइन । समुदायका हरेक पक्ष र तहमा जनचेतना फैलाउने, सहभागीहरूलाई साक्षर बन्न उत्प्रेरित गर्ने, सिकारू आफैले आफ्ना परिवेश अनुसारका पाठको छनोट गर्ने, समान हक, अधिकार खोज्ने र प्रयोग गर्न सिकाउने र विशेष गरेर तल्लो वर्गको विकास भएमा सम्पूर्ण समुदायको विकास हुने धारणा व्यक्त गरेका छन् ।

यसैसन्दर्भमा थारू वर्ग पनि एउटा दविएको समुह हो जसलाई साक्षर तुल्याउनका निम्ति समुदायलाई नै सशक्तिकरणको अभियानबाट अघि बढाउनु पर्छ र यिनीहरूलाई शिक्षामा समान अवसर मात्र दियो भने सधैं पछि पर्ने हुन्छ । त्यसैले थारू बालिकाहरूको हितका लागि शिक्षामा समानता नभई समता हुनु पर्दछ ।

## २.३ शैक्षिक उपादेयता

कुनैपनि अनुसन्धानलाई अगाडि बढाउन सम्बन्धित साहित्य वा सिद्धान्तको अवलम्वन गर्नुपर्ने हुन्छ । जसको कारणले अनुसन्धानले दिशा पहिल्याउन सकोस, अनुसन्धानबाट पत्ता लागेका कुराहरूलाई सम्बन्धित क्षेत्रमा सामान्यीकरण गर्न सकियोस । यो शोधकार्य प्राथमिकतहमा थारू बालिकाहरूको शैक्षिक अवस्था शीर्षकमा केन्द्रीत यस सोधपत्रमा सम्बन्धित साहित्य एवं सिद्धान्तहरूको आधारमा गर्नुको उद्देश्य सम्बन्धित क्षेत्रलाई नियाल्नु हो ।

अनुसन्धानलाई सही निष्कर्षमा पुऱ्याउनको लागि सम्बन्धित साहित्यको पुनरावलोकन गरी अध्ययनलाई विल्कुलै नयाँ र अर्थपूर्ण बनाउन सकिन्छ । सम्बन्धित साहित्यको पुनारवलोकनले अध्ययनलाई सहिमार्गमा निर्दशन दिन र निश्चित सिद्धान्त तय गर्न निर्देशन गरेको छ । अध्ययनको क्रममा विषयान्तर हुनबाट जोगाई अध्ययनलाई संगठित एवं उद्देश्यमूलक हुन समेत सहयोग पुऱ्याउने छ र कहिले काँही अध्ययन विषयवस्तु वृहत भई हुन आउन सक्ने सैद्धान्तिक विचलनलाई पनि जोगाउन साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याएको छ ।

# परिच्छेद: तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अनुसन्धान गुणात्मक एवं परिमाणात्मक दुवै ढाँचा प्रयोग गरी मिश्रित ढाँचामा सम्पन्न गरिएको छ । थारू बालिकाहरूको भर्ना अवस्था पत्ता लगाउने उद्देश्यका लागि परिमाणात्मक ढाँचा र शैक्षिक उपलब्धी धारणा तथा सुझावहरू समेटिने उद्देश्य प्राप्तिका लागि गुणात्मक ढाँचा प्रयोग गरिएको छ । अध्ययनको व्याख्या विश्लेषण गुणात्मक रूपमा गरिएको भएता पनि परिमाणात्मक तथ्यहरूले यसलार्य पुष्टि गर्ने भएकोले अध्ययन मिश्रित ढाँचामा आधारित छ ।

## ३.२ जनसंख्या र नमूना छनोटका आधारहरू

नेपालमा चौध अञ्चल मध्ये लुम्बिनी अञ्चल पनि एक हो । लुम्बिनी अञ्चलमा ६ वटा जिल्लाहरू मध्ये एक जिल्ला रूपन्देही पनि हो र यो तराईको जिल्ला हो । यस जिल्लाका जम्मा ४१४ सामुदायिक विद्यालय मध्ये प्राथमिक विद्यालयको संख्या १३९ रहेको छ । निम्न माध्यमिक विद्यालयको संख्या १२८, माध्यमिक विद्यालयको संख्या १०८ र उच्च माध्यमिक विद्यालयको संख्या ३९ रहेको छ । साथै रूपन्देही जिल्लाका ६९ वटा गा.वि.स. हरू मध्ये गजेडी गा.वि.स. पनि एक हो । अध्ययन क्षेत्रको त्यस गा.वि.स.मा प्राथमिक विद्यालय संख्या १, निम्न माध्यमिक विद्यालय संख्या ३ , माध्यमिक विद्यालय संख्या १ र उच्च माध्यमिक विद्यालय संख्या १ रहेको छ। जस मध्ये अध्ययनको लागि गजेडी गा.वि.स.को वडा नं. २ र ४ मा पर्ने दुई वटा (एक उच्च मा.वि. सहित) माध्यमिक विद्यालय (गजेडी उच्च मा.वि. र प्रगति मा.वि.) लाई छनौट गरिएको छ ।

अध्ययन क्षेत्र छनौट गर्दा, छनौट गरिएका विद्यालयहरूको प्राथमिक तहमा पढ्ने थारू बालिकाहरूको शैक्षिक अवस्था सम्बन्धी अध्ययनको उद्देश्य पूरा गर्नका लागि निम्नअनुसारका व्यक्तिहरूलाई नमूनाको रूपमा छनौट गरिएको छ ।

**तालिका १: नमूना छनौटको विवरण**

| क्र.सं. | विवरण | विद्यालय संख्या | छनौट संख्या | प्रतिशत | छनोटका आधार |
|---|---|---|---|---|---|
| १ | विद्यालय | ६ | २ | ३३ | गोला प्रथा |
| २ | प्रधानाध्यापक | ६ | २ | ३३ | उद्देश्यमूलक |
| ३ | अभिभावक | ३०० | १०० | ३३ | गोला प्रथा तथा समावेशी |
| ४ | शिक्षक | ४५ | १५ | ३३ | गोला प्रथा समावेशी |
| ५ | वि.व्य.स. अध्यक्ष | ६ | २ | ३३ | उद्देश्यमूलक |
| ६ | शि.अ.स अध्यक्ष | ६ | २ | ३३ | उद्देश्यमूलक |
| ७ | छात्रा | ४०० | १५० | ३७ | गोलाप्रथा |

स्रोत : स्थलत सर्वेक्षण, २०६७ ।

## ३.३ तथ्याङ्क संकलनका साधानहरू

प्राथमिक तहका थारू बालिकाहरूको शैक्षिक अवस्था अध्ययन सम्बन्धी अनुसन्धानका लागि निम्न साधनहरूको प्रयोग गरिएको छ ।

**(क) सर्वेक्षण फारम**

थारू बालिकाहरूको भर्नास्थिति पत्ता लगाउने उद्देश्य प्राप्तिकको लागि विद्यालय सर्वेक्षण फारम प्रयोग गरिएको थियो । यसै क्रममा घरधुरी सर्वेक्षण पनि प्रयोग गरिएको थियो ।

(परिशिष्टः २ र ४ )

**(ख) अवलोकन**

थारू बालिकाहरूको शैक्षिक उपलव्धी, कक्षामा उपस्थिति हेर्न अवलोकन फारम प्रयोग गरिएको थियो । (परिशिष्टः ३)

**(ग) अन्तर्वार्ता प्रश्नावली**

थारू बालिकाहरूलाई उनीहरूको शैक्षिक अवस्था पत्ता लगाउन, भर्नास्थिति र शैक्षिक उपलव्धि र छोरीहरू प्रतिको धारणा पत्ता लगाउन र शिक्षाको मूलधारमा थारू समुदायका बालिकाहरू समेट्ने उपायहरू पत्ता लगाउने उद्देश्यले विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.

अध्यक्ष शि.अ.स. अध्यक्ष, थारू बालिकाहरूलाई अन्तर्वार्ता प्रश्नावलीको आधारमा तथ्याङ्क संकलन गरिएको थियो। (परिशिष्टः ६, ७, ८ र ९)

## ३.४ तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रिया

यस अध्ययनको उद्देश्य प्र.अ. परिपूर्ति गर्न तयार पारिएको तथ्याङ्क संकलनका साधनहरू लिई शाद्यार्थी स्वयम् नमूना छनोट गरिएको विद्यालयमा गई तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स. अध्यक्ष शि.अ.स. अध्यक्ष थारू बालिकालाई अन्तर्वार्ता प्रश्नावलीबाट अभिभावकहरूलाई घरधुरी सर्वेक्षण फारामबाट प्राथमिक तथ्याङ्क र विद्यालय स्रोत केन्द्र तथा जि.शि.का रूपन्देहीको अभिलेखबाट तथ्याङ्क संकलन गरिएको छ।

संकलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्गीकरण गर्दै तालिकीकरण गरिएको छ। उपयुक्त स्थानमा आवश्यकता अनुसार तथ्याङ्कीय सुत्रहरूको प्रयोग गरी प्रतिशतमा समेत प्रस्तुत गरिएको छ । प्राथमिक तथा सहायक रूपमा संकलन गरिएका तथ्याङ्क सूचना तथा धारणाहरूलाई उद्देश्यको क्रमानुसार व्याख्या एवं विश्लेषण गरिएको छ।

# परिच्छेदः चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

यस अनुसन्धान कार्यको व्याख्या र विश्लेषण गर्दा नमूना छनोटको आधारबाट संकलन गरिएको तथ्याङ्कलाई प्रयोग गरिएको थियो । तथ्याङ्कको प्रयोग गर्दा प्राथमिक स्रोत प्रश्नावली, अवलोकन, अन्तर्वार्ता र छलफलका आधारमा दुईवटा विद्यालयबाट छनोट गरी ल्याइएको ५० जना थारू बालिकाहरू र सम्बन्धित विद्यालयका प्र.अ.लाई प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ भने द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क (सम्बन्धित विद्यालयको भर्ना अभिलेख, विद्यार्थीको उमेर अभिभावकको पेशा, आर्थिक अवस्था आदि) का आधारमा तुलनात्मक रूपमा व्याख्या र विश्लेषण गरिएको छ । यो अध्ययन परिमाणात्मक र गुणात्मक रूपबाट विश्लेषण गरिएको छ । प्रस्तुत तथ्याङ्कलाई उद्देश्य अनुरूप निम्न शीर्षकमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ ।

४.१ अध्ययन क्षेत्रको परिचय

४.२ थारू बालिकाहरूको भर्ना स्थिति

४.३ थारू बालिकाहरूको शैक्षिक उपब्धि

४.४ थारू अभिभावकका आफ्ना छोरीहरूको शिक्षाप्रतिको धारणा

४.५ शिक्षाको मूलधारमा थारू समुदायका बालिकाहरू समेट्ने उपायहरू

### ४.१ अध्ययन क्षेत्रको परिचय

रूपन्देही जिल्ला तराईका जिल्लाहरू मध्येको एक प्रमुख जिल्ला हो । यो जिल्ला ८३° १२'१६' देखि ८३°.३८'७" पुर्व देशान्तर र २७°२०'३०" देखि २७°.४७'२५" उत्तरी अक्षाशंमा पर्दछ । यस जिल्लाको कुल क्षेत्रफल १३६० वर्ग कि.मि. रहेको छ भने पुर्वमा नवलपरासि जिल्ला, पश्चिममा कपिलवस्तु जिल्ला उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश राज्य यस जिल्लाको सिमाना हो । समुद्री सतहको १०० मिटर देखि १२१९ मिटर सम्म फैलिएको यस जिल्लाको न्यूनतम तापक्रम ८.७५ सेल्सीयस र अधिकतम तापक्रम ४२.४° सेल्सीयस रहेको छ भने यहाँको औषत बर्ष १३९१ मि.मि. रहेको छ । भने यस जिल्लामा उष्ण प्रदेशिय हावापानी

पाइन्छ । भने  यस जिल्लामा तिनाउ, रोहिणी, कञ्चन, जस्ता नदीहरू बग्दछन् । साथै दानापुर ताल गैडहवा ताल, चिल्हयाताल यस जिल्लाको प्रमुख तालहरू  हुन । (रूपन्देही जिल्ला एक परिचय २०६४)

लुम्बिनी अञ्चल भित्रका ६ वटा जिल्ला मध्येको यो जिल्ला जनसंख्याका दृष्टिकोणले नेपालमै तेस्रो ठूलो जिल्लाको रूपमा रहेको छ । जसको कुल जनसंख्या ७०८४१९ रहेको छ  भने पुरूष जनसंख्या ३६०७७३ र महिला जनसंख्या ३४७६४६ रहेको छ । जनसंख्या वृद्धिदर ३.०५ प्रतिशत रहेको यो जिल्लाको जनघनत्व ५२१ प्रतिवर्ग कि.मि. छ । त्यस्तै वि.स. २०५८ को जनगणना अनुसार यस जिल्लाको जम्मा घरधुरी संख्या ११८७५६ छ ।

यस जिल्लामा नीजि तथा सामुदायिक गरी जम्मा ५१५ विद्यालयहरू रहेका छन् भने सामुदायिक विद्यालय संख्या ३२८ रहेको छ जसमध्ये २११ प्राथमिक विद्यालय ४४ निम्न माध्यामिक विद्यालय ६३ माध्यमिक विद्यालय र १० उच्च माध्यमिक विद्यालयहरू र ३ वटा क्याम्पस रहेका छन् । यस जिल्लाको शैक्षिक स्थिति हेर्ने हो भने यहाँको कुल साक्षरता प्रतिशत ६६ प्रतिशत रहेको छ । जसमध्ये पुरूष साक्षरता ७६ छ भने महिला साक्षरता ५६ प्रतिशत रहेको छ । जसमध्ये प्राथमिक तहमा छात्राको अशं ३५ प्रतिशत छ भने प्राथमिक तहमा बालबालिकाको विद्यालय छाडनेदर १५ प्रतिशत रहेको छ    ।

यहाँ ६९ वटा गा.वि.स.हरू र २ वटा नगरपालिकाहरू भएकोमा विशेषत थारू तथा मदेशी मुलका बासिन्दाहरूको बाहुल्यता रहेको छ । वि.सं. २०५८ को जनगणना अनुसार थारू जातिको जनसंख्या ७४८८८ रहेको छ । जसमा पुरूष ३७३१५ र महिला जनसंख्या ३७५७३ जुन रूपन्देही जिल्लाको कुल जनसंख्याको १०.५७ प्रतिशत हुन आउछ । गजेडी गा.वि.स.को कुरा गर्दा थारूहरूको बढी बाहुल्यता भएको यस गा.वि.स.को कुल जनसंख्या ११३४१ रहेकोमा थारू जनसंख्या ५७५२ रहेको छ । यस गा.वि.स.को शैक्षिक स्थितिलाई हेर्दा यस गा.वि.स.मा सामुदायिक पुर्व प्रा.वि. १ (१–३), सामुदायिक नि.मा.वि. (प्रा.वि. समेत) ३ र सामुदायिक मा.वि. २ गरी जम्मा ६ वटा सामुदायिक विद्यालय छन् भने २ वटा मा.वि. र १ नि.मा.वि. सहित जम्मा ३ वटा संस्थागत विद्यालय रहेका छन ।

शैक्षिक दृष्टिकोणले यस गा.वि.स.मा प्रसस्त विद्यालयहरू भएता पनि यहाँको साक्षरता प्रतिशत तुलनात्मक रूपमा कम रहेको पाइन्छ । यहाँको साक्षरता प्रतिशत जम्मा ४७ प्रतिशत रहेको

छ । (गजेडी गा.वि.सको तथ्याङ्क २०६३ अनुसार) यस गा.वि.स.को थारू बालबालिकाहरूको शैक्षिक स्थिति अत्यन्तै न्युन रहेको छ । "सबैको लागि शिक्षा" भन्ने मुल नाराका साथ निःशुल्क भर्ना अभियानलाई अंगाल्दै हिडेको नेपाल सरकारले यहाँका थारू बालबालिकाहरूलाई समेट्न नसकेको देखिन्छ । प्राथमिक तहको शिक्षा निःशुल्क हुदा पनि थारू बालिकाहरू यसको मुलधारमा समेटिन सकेका छैनन । त्यसैले यि समस्याहरूको समाधानका लागि यस अध्ययनलाई अघि बढाई विद्यालयको प्रा.वि. तहमा थारू बालिकाहरूको भर्ना स्थिति तथा अन्य शैक्षिक स्थिति र समस्याहरूलाई केलाउने प्रयास गर्दै अध्ययनका विभिन्न तथ्याङ्क तथा सूचनाहरूलाई व्याख्या, विश्लेषण र सुस्मिकरण गरिएको छ । (रूपन्देही विकास पत्र २०६५)

## ४.२ थारू बालिकाहरूको भर्ना स्थिति

यस अध्ययन क्षेत्रका विद्यालयहरूमा थारू बालिका तथा अन्य वालबालिकाहरूको प्राथमिकतहको भर्ना स्थितिलाई समष्टिगत रूपमा तालिका बाट यसरी देखाइएको छ ।

**तालिका २: बालबालिकाहरूको भर्नास्थिति**

| | २०६४ | | | २०६५ | | | २०६६ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **कक्षा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** | **छात्र** | **छात्रा** | **जम्मा** |
| १ | ७३ | ८५ | १५८ | ८० | ८० | १६० | ७४ | ७५ | १४९ |
| २ | ७४ | ७५ | १४९ | ७८ | ७३ | १५१ | ६४ | ६९ | १३३ |
| ३ | ७१ | ७२ | १४३ | ६१ | ५९ | १२० | ६२ | ७२ | १३४ |
| ४ | ८५ | ७१ | १५६ | ७४ | ५७ | १३१ | ६० | ५९ | ११९ |
| ५ | ६७ | ५७ | १२४ | ६४ | ४२ | १०६ | ६३ | ५४ | ११७ |
| **जम्मा** | ३७० | ३६० | ७३० | ३५७ | ३११ | ६६८ | ३२३ | ३२९ | ६५२ |

स्रोत-विद्यालय तथ्याङ्क फारम,२०६६

यस अध्ययन क्षेत्रका थारू बालिकाहरूलाई उमेर तथा कक्षागत आधारमा ५ वर्ष देखि १० वर्ष भन्दा माथिको उमेर समूहका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको

**तालिका ३: थारू बालिकाहरूको उमेर गत विवरण**

| वर्ष / कक्षा | ५ | ६ | ७ | ८-९ | १० भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १० | १५ | १० | - | - | ३५ |
| २ | - | - | ८ | २० | ४ | ३२ |
| ३ | - | - | ३ | २१ | ८ | ३२ |
| ४ | - | - | - | १० | ९ | १९ |
| ५ | - | - | - | ३ | १० | १३ |
| **जम्मा** | १० | १५ | २१ | ५४ | ३१ | १३१ |

स्रोतःविद्यालय तथ्याङ्क फाराम, २०६६

थारू अभिभावकहरूको छोरीलाई पढन पठायो भने घरको काम कसले गर्छ ? भन्ने जस्ता धारणाले पहिला ति अभिभावकहरू विद्यालय पठाउन चहादैनन, त्यसपछि आफ्ना पटीदारि ( नाता कुटुम्ब) हरूले के भन्लान वा राम्रो केटाले विवाह गर्दैन भनि पछि बालिका धेरै ठूली भैसकेपछि मात्र विद्यालय पठाउने कारणले उनीहरूको कक्षा १ मै उमेर ठूलो भैसकेको हुन्छ । त्यस्तै पढाउने भनेपछि धेरै अभिभावकले धेरै खर्च होला भनेर पढन नपढाएको र पाठ्यपुस्तक निःशुल्क प्राप्त हुने र अन्य मासिक शुल्कहरू केहिपनि नलाग्ने थाहा भएपछि मात्र छोरीलाई पढ्न पठाएको देखियो तर आधुनिकतासँगै केही अभिभावकहरूले हामीहरूका छोरी पनि पढनुपर्छ भन्ने मान्यता बोकेकाले ५ बर्षमै विद्यालयमा भर्नागर्न ल्यायको देखियो ।

यहाँ कक्षा १ मा भर्ना भएका ८-९ बर्ष वीचका वालबालिकाहरू कसैगरी पनि प्राथमिक विद्यालय उमेरमा त्यो तह पार गर्न सक्दैनन जसले गर्दा उनीहरूको उमेर ठूलोभई कक्षा कोठामा आफुसँग धेरै साना साथीहरूको वीचमा आँफु साना साथिहरूको विचमा असहज महसुस भई पढ्न छाडेको सम्बन्धित बालिकाहरूका अभिभावकहरू तथा शिक्षकहरूबाट थाहा भएको छ । यसरी यहाँ कान्टको सामाजिक न्यायको दोस्रो सिद्धान्त लागु हुन्छ । जहाँ अभिभावकहरूलाई निःशुल्क पाठ्यपुस्तक प्राप्त हुन्छ र कुनै मासिक शुल्क तिर्नुपर्ने भन्ने थाहा छैन । त्यसैले थारू अभिभावक प्रतिको छोरीलाई विद्यालय पठाउनु पर्छ भन्ने मान्यताको कमी, छोरी अरूको घरमा गएर अरूलाई रिजाउनु पर्छ, विद्यालय जानुको साटो घरकै काममा पाको र व्यवहारिक बनाउनुपर्छ भन्ने सोचका साथै नाता कुटुम्बले पनि राम्रो काम देखेपछि

बिहेगरी हाल्छन भन्ने परम्परागत सोचको कारण थारू बालिका विद्यालयमा भर्ना भएर पनि तह पुरा नगरी वीचमै छाड्नु पर्ने बाध्यात्मक परिस्थिति देखिन आउछ ।

**तालिका ४: थारू बालिकाहरूका भर्नास्थिति**

| साल | जम्मा | जम्मा बालिका को संख्या | जम्मा थारू बालिकाको संख्या | थारू बालिका संख्याको आधारमा | |
|---|---|---|---|---|---|
| | | | | जम्मा वि.स. का आधारमा | जम्मा बालिका संख्याको आधारमा |
| २०६४ | ७३० | ३६० | १६१ | २२.०५ | ४४.७२ |
| २०६५ | ६६८ | ३११ | १२१ | १८.११ | ३८.९० |
| २०६६ | ६५२ | ३२९ | १३८ | २१.१६ | ४१.९४ |

स्रोतः विद्यालय तथ्याङ्क -२०६६

सालगत रूपमा बालिका संख्यालाई हेर्दा संख्यामा बढी भएको भेटिएको छ । नेपाल सरकारले चालेको घरदैलो भर्ना, अभियान छात्रवृतिको व्यवस्था, तथा अधुनिकता सँगसँगै भएको चेतनाको वृद्धिले गर्दा यस्तो भएको भन्ने कुरा विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट जानकारी हुन आएको छ । आफ्नो छरछिमेकका सबै साथीहरू विद्यालय पढ्न जाँदा आफुपनि विद्यालय जाउँ जाउँ लागेर ढिलै उमेरमा भएपनि विद्यालय आएको केही थारू छात्राहरूको भनाई छ । त्यसैले बर्षेनी थारू बालिकाको संख्या वृद्धिभएको देखिन्छ ।

**तालिका ५: अध्ययन क्षेत्रका वडाहरूमा ५-१० बर्ष थारू बालिकाहरूको विवरण**

| वडा नं. | जम्मा बालिका | विद्यालय जाने | विद्यालय छाडेका | कहिल्यै विद्यालय नगएका |
|---|---|---|---|---|
| २ | १०४ | ५९ | २० | २५ |
| ४ | १११ | ७१ | १८ | २२ |
| **जम्मा** | २१५ | १३० | ३८ | ४७ |
| **प्रतिशत** | १०० | ६०.४६ | १७.६ | २१.८६ |

स्रोत घरघुरी सर्वेक्षण २०६७

माथिको तालिकाबाट के थाहा लाग्छ भने अध्ययन क्षेत्रका १ वटा वडाहरूमा गरिएको थारू बालिका हरूको घरघुरी सर्वेक्षणबाट जम्मा २१५  जना बालिका मध्ये १३० जना (६०.४६ प्रतिशत) बालिका विद्यालय जादा रैछन ३८ जना बालिका (१७.६ प्रतिशत) ले विद्यालय

छाडेका रहेछन भने ४७ जना बालिका (२१.८६ प्रतिशत) हरू कहिल्यै पनि विद्यालय नगएको पाइयो ।

अध्ययनका क्रममा विद्यालयमा सर्वेक्षण गरिसकेपछि ति छनौट गरिएका वडाहरूमा घरघुरी सर्वेक्षण गरी प्राथमिक विद्यालय उमेर समुहका बालबालिकाहरूको शैक्षिक अवस्था बुझ्दा विद्यालय छाडेका तथा कहिल्यै विद्यालय नगएकाहरूको संख्या उच्च रहेको छ । एकातिर थारू बालिकाहरूको विद्यालयमा सहभागीता बर्षेनी बढीरहेको अवस्था रहेको छ भने वडा भित्ररहेका बालबालिकाहरू अझै पनि विद्यालयको पहुँचभन्दा बाहिर नै छन । थारू बालिकाहरूको सानैमा विवाह हुने तर केही बर्ष उनीहरू परिपक्क नहुन्जेल सम्म माइतमै राख्ने चलन रहेकाले केटाको घरपक्षबाट विद्यालय पठाउने भन्ने हुकुम आएमा मात्र विद्यालय पढाइने र नपढाउने घरधन्दाकै काममा लगाउने भन्ने हुकुम आएमा घरधन्दाकै काममा लगाइने पनि बुझियो । त्यस्तै थारू बालिकाहरू प्राय आफ्नै जातका बालिकाहरूसँग बस्न, खेल्न र विद्यालय जान रूचाउछन आफ्नो छरछिमेकको साथी भाई विद्यालय पढनजादा विद्यालय जाने साथीहरूले विद्यालय जादैन भने आफुपनि विद्यालय नजाने गरेको पाइयो । साथै थारू बालिकाहरूमा अन्यबालिका को तुलनामा घरधन्दाकै काममा मात्र व्यस्त रहने र थारू जाति छरछिमेकहरूको घरमा मात्र जाने वस्ने गरेको पाइयो ।

**तालिका ६: थारू महिलाहरूको साक्षरता स्थिति**

| वडा सं. | निरक्षर | अनौपचारिक शिक्षा मार्फत साक्षर | प्रा.वि. अध्ययनरत | प्रा.वि. उत्तीर्ण | वीचैमा कक्षा छाडेका | एस.एल.सी. वा सो भन्दा माथी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २ | १० | ५ | १२ | १० | ७ | ६ | ५० |
| ४ | २० | ४ | १० | ७ | ५ | ४ | ५० |
| **जम्मा** | ३० | ९ | २२ | १७ | १२ | १० | १०० |
| **प्रतिशत** | ३० | ९ | २२ | १७ | १२ | १० | १०० |

स्रोतः घरघुरी सर्वेक्षण, २०६७

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने घरघुरी सर्वेक्षणका आधारमा निकालिएको तथ्याङ्क अनुसार १०० घरघुरीमा गरिएको सर्वेक्षण मध्ये ३० जना अर्थात ३० प्रतिशत निरक्षर रहेको पाइयो ९ जना अर्थात ९ प्रतिशत अनौपचारिक शिक्षा मार्फत साक्षर भएको पाइयो २२ जना

वा २२ प्रतिशत प्रा.वि. अध्ययनरत रहेको पाइयो १२ जना अर्थात १२ प्रतिशत वीचैमा विद्यालय छाडेको साथै १० जना अर्थात १० प्रतिशत एस.एल.सी. वा सो भन्दा माथी पढेको पाइयो । यसरी त्यो तथ्याङ्कले पनि थारू बालिका शिक्षामा पछाडि परेको थाहा हुन आउछ ।

थारू अभिभावकहरूले छोरीलाई विद्यालयमा पढाउदा घरमा घरायसी काम गर्ने मान्छको सारै खाँचो हुने यदी छोरीहरू सानाभएमा पनि आफुहरू काममा जादा भाइबैनीहरूको हेरचाह गर्ने बाख्रा (छगेडी) चराइदिने वा भात पकाइदिने जस्ता काम गरिदिने हो भने आफुलाई निकै सजिलो हुनेबताए भने पढीरहेका वालबालिकाहरूले पनि आफ्ना साथीहरू विभिन्न घरायसी कामले गर्दा विस्तारै पढनै छाडेको पनि बताए । त्यस्तै अभिभावकहरू विषेश गरी आमाहरूले विद्यालयमा महिला शिक्षक भएको भए आफ्ना छोरीहरूलाई उनीहरूको समस्या बुझि त्यही किसिमले व्यवहार गर्नु हुन्थ्यो र छोरीहरूपनि विद्यालय प्रतिबढी आक्रर्षित हुन्थ्ये तर विद्यालयमा विषेश थारू महिला शिक्षिकाको संख्या नगन्य रहेकाले आफुले आफ्नो छोरीलाई विद्यालय नपठाएको भेटियो । अध्ययन क्षेत्रमा जहाँ ३० प्रतिशत बालिकाहरू विद्यालयमा कहिल्यै पनि गएका छैनन । त्यहाँ एस.एल.सी. वा सो भन्दा बढी पढनेको संख्या १० रहेको छ । यसरी केही अभिभावकहरूले शिक्षाको महत्व बुझ्रेर पढाएमा राम्रो केटा पाइन्छ भन्ने आशयले तथा केहिले अरू आफन्तको देखासिकी गरेर आफ्ना छोरीलाई विद्यालय पढन पठाएको तथा एस.एल.सी वा सोभन्दा माथि सम्म पढाएको बताएका छन् ।

थारूहरूको ६ बर्ष भन्दा माथिको जनसंख्या १२,८९,३४२ रहेको छ र यिनिहरूको साक्षरता प्रतिशत ४७.१२ प्रतिशत रहेको छ । (नेपालको जनसंख्या विवरण २०५९) यसरी आधाभन्दा बढी जनसंख्या निरक्षर भएको थारू समुदायमा महिला निरक्षरता अत्याधिक देखिन्छ तर सम्बन्धी विद्यालयका प्र.अ. तथा शिक्षकहरूका अनुसार विगतमा भन्दा थारू बालिकाहरूको विद्यालय जाने परिपाटीमा धेरै नै वृद्धिभएको मान्न सकिने अवस्था छ ।

**तालिका ७: थारू बालिकाहरूको तुलनात्मक जनसंख्या स्थिति**

| | राष्ट्रिय रूपमा | | जिल्लागत रूपमा | | अध्ययन क्षेत्रमा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | ४५०२६३ | १०० | १२४४२ | १०० | ८४४ | १०० |
| बालिका | २१३४६ | ४७.४ | ६१४४ | ४९.३८ | ३९० | ४६.२० |

स्रोत– जि.शि.का. रूपन्देही, २०६३

राष्ट्रियस्तरमा हेर्दा जसमा प्राथमिक विद्यालय जाने वालबालिकाहरूको संख्या ४७.४ प्रतिशत छ । रूपन्देही जिल्लाको अवस्था हेर्दा यहाँ जम्मा प्राथमिकस्तरमा अध्ययनरत वालबालिका मध्ये ६१४४ बालिकाहरू छन् त्यस्तै अध्ययन क्षेत्रका विद्यालयमा जम्मा विद्यार्थी संख्या ६५२ ( २०६६ भर्ना अनुसार) मा २१.१६ प्रतिशत अर्थात १३१ जना थारू बालिका हरू भर्ना भएका छन यसरी हेर्दा राष्ट्रगत तथा जिल्लागत रूपमा भन्दा अध्ययन क्षेत्रका विद्यालयहरूमा थारू बालिका को सहभागिता कम रहेको छ । जसमा बालिका ४६.२ प्रतिशत थारू बालिका रहेकोमा थारू बालिकाहरूको सहभागीतालाई सन्तोषजनक मान्न सकिन्छ ।

सन् २००६ मा नेपालमा खुद भर्नादर ८१.१ प्रतिशत पुगेको तर ६-१० उमेर समूहका ५-९ पुगेका १९ प्रतिशत वालबालिका अझैपनि विद्यालय वरपर नै छन् । अध्ययन क्षेत्रका ५-९ बर्ष उमेर समूहका ४० प्रतिशत थारू बालिकाहरू अझपनि विद्यालय बाहिर रहेको अवस्था घरघुरी सर्वेक्षणको तथ्याङ्कबाट देखिन आउछ । त्यस्तै तालिका नं. ५ को अनुसार विद्यालय गएका थारू बालिका मा पनि २५ प्रतिशत बालिकाहरू ९ वर्ष भन्दा बढी उमेरका रहेका छन् । प्रगती मा.वि.का एक शिक्षकका अनुसार थारू अभिभावकहरूको बालिकालाई समयमै विद्यालय भर्ना गर्नुपर्ने कुरामा सचेतता नहुनु निरन्तर अनुत्तीर्ण हुनु र विद्यालयमा निरन्तरता कमहुनु आदि कारणले आफैं पनि २५ प्रतिशत बालिकाहरू प्राथमिक उमेर समुहका नभएर ९ वर्ष भन्दा बढी  उमेरका हुन । यसरी थारू बालिका हरूको प्राथमिक कक्षा मै बढी रहयो भने अर्कोतिर माध्यमिक तहमा पुग्दा नपुग्दै उनीहरूको उमेर विवाह गर्न लाएक भएर विवाह गर्नुपर्ने बाध्यता हुन्छ । जसले गर्दा उनिहरू उच्च शिक्षा तर्फ अगाडी बढ्न पाउदैनन त्यसैले गर्दा उनीहरूलाई उदारकक्षोन्नती अपनाई कक्षा चढाउनु पर्ने कुरा प्रगती मा.वि.का अर्का शिक्षक बताउनु हुन्छ । कान्टले भने जस्तै पिछडिएका अर्थात थारू बालिका हरूको उच्च शिक्षामा सहभागिता बढाउनु यिनिहरूलाई कक्षोन्नती गर्ने कुरामा विषेश ध्यान दिनुपर्ने  देखिन्छ ।

## ४.३ थारू बालिकाहरूको शैक्षिक उपलब्धि

थारू बालिकाहरूको शैक्षिक उपलब्धि थाहापाउनका लागि उनीहरूको विद्यालय परिक्षामा संलग्नता उत्तीर्णदर, अतिरिक्त क्रियाकलापमा सहभागिता लगायत अन्य पक्षमा अध्ययन गरिएको छ जुन यस प्रकार रहेको छ ।

### ४.३.१ थारू बालिकाहरूको शैक्षिक उपलब्धि स्तर

परीक्षामा संलग्नता शैक्षिक सत्र २०६५ थारू बालिकाहरूको अध्ययन क्षेत्रका विद्यालयहरूको रेकर्ड अनुसार निम्न किसिमको रहेको पाइयो । यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८: थारू बालिकाहरूको शैक्षिक उपलब्धिस्तर (२०६५)**

| **कक्षा** | **जम्मा** | **परीक्षामा सम्मिलित** | **उत्तीर्ण** | **प्रतिशत** |
|---|---|---|---|---|
| १ | ३५ | ३३ | २८ | ८४.८४ |
| २ | ३२ | २९ | २६ | ८९.६५ |
| ३ | ३२ | ३० | २५ | ८३.३३ |
| ४ | १९ | १८ | १२ | ६६.६६ |
| ५ | १३ | १० | ७ | ७०.० |
| **जम्मा** | १३१ | १२० | ८८ | ७३.३३ |
| **प्रतिशत** | १०० | ९२.३० | ७३.३३ | |

स्रोत–विद्यालय अभिलेख, २०६६

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने अध्यन क्षेत्रमा विद्यालयको २०६५ को थारू बालिकाहरूको शैक्षिक उपलव्धि स्तरलाई हेर्दा कक्षा १ देखि ५ सम्म भएका जम्मा १३१ जना बालिकाहरू मध्ये कक्षा १ मा ३५ जना भएकोमा परीक्षामा सम्मिलित ३३ जना र उत्तीर्ण ८४.८४ प्रतिशत, कक्षा २ मा ३२ जना बालिकामध्ये परीक्षामा सम्मिलित २९ जना र उत्तीर्ण ८९.६५ प्रतिशत, कक्षा ३ मा ३२ जना बालिकामध्ये परीक्षामा सम्मिलित ३० जना र उत्तीर्ण ८३.३३ प्रतिशत, कक्षा ४ मा १९ जना बालिकामध्ये परीक्षामा सम्मिलित १२ जना र उत्तीर्ण ६६.६६ प्रतिशत, कक्षा ५ मा १३ जना बालिकामध्ये परीक्षामा सम्मिलित १० जना र उत्तीर्ण ७०.३३ प्रतिशत रहेको पाइयो । कक्षा १ देखि ५ सम्म जम्मा १३१ जना विद्यार्थी मध्ये १२० जना परीक्षामा सम्मिलित मध्ये ७३.३३ प्रतिशत बालिकाहरू उत्तिर्ण भएको पाइयो । थारू बालिकाहरूको शैक्षिक उपलव्धीस्तर र अन्य जातिका बालिकाहरूको शैक्षिक उपलव्धीस्तर तुलना गर्नको लागि तलको तालिका निर्माण गरी प्रस्तुत गरिएको छ ।

**तालिका ९: अन्य जातिका बालिकाहरूको शैक्षिक उपलब्धिस्तर**

| **कक्षा** | **जम्मा** | **परीक्षामा सम्मिलित** | **उत्तीर्ण** | **प्रतिशत** |
|---|---|---|---|---|
| १ | ४५ | ४४ | ४० | ९०.९ |
| २ | ४१ | ४० | ३४ | ८५.० |
| ३ | ३७ | ३५ | ३३ | ९४.२ |
| ४ | ३८ | ३८ | ३२ | ८४.२ |
| ५ | २९ | २८ | २३ | ८२.१ |
| **जम्मा** | १९० | १८५ | १६२ | ८९.० |
| **प्रतिशत** | १०० | ९७.३ | ८९ | |

स्रोत–विद्यालय अभिलेख, २०६६

माथिको तालिकालाई हेर्दा अन्य जातिका बालिकाहरूको शैक्षिक उपलव्धिस्तर थारू जातिका बालिकाहरूको उपलव्धिस्तर भन्दा तुलनात्मक रूपमा बढी भएको पाइयो । उक्त तालिकाबाट केही स्पष्ट हुन्छ भने कक्षा १ देखि ५ सम्म जम्मा बालिका संख्या १९० रहेको छ जसमध्ये १८५ जना बालिका परीक्षामा सम्मिलित भई ८९ प्रतिशत बालिकाहरू उत्तिर्ण भएको पाइयो ।

त्यस्तै कक्षागत उपलव्धिस्तरलाई हेर्दा कक्षा १ मा ४५ जना बालिका भएकोमा ४४ जना परीक्षामा सम्मिलित र ९०.०९ प्रतिशत, कक्षा २ मा ४१ जना बालिका मध्ये परीक्षामा सम्मिलित ४० जना र उत्तिर्णा ८५ प्रतिशत, कक्षा ३ मा ३७ जना बालिका मध्ये परीक्षामा सम्मिलित ३५ जना र उत्तिर्णा ९४.०२ प्रतिशत, कक्षा ४ मा ३८ जना बालिका मध्ये परीक्षामा सम्मिलित ३८ जना र उत्तिर्णा ८४.२० प्रतिशत, कक्षा ५ मा २९ जना बालिका मध्ये परीक्षामा सम्मिलित २८ जना र उत्तिर्णा ८२.१० प्रतिशत रहेको पाइयो । थारूबालिका र गैर थारू बालिकाहरूको शैक्षिक उपवव्धिस्तरलाई हेर्दा थारू बालिकाको कक्षा १ देखि ५ सम्मको १३१ जना मध्ये १२० (९२.३० प्रतिशत) जना बालिका परीक्षामा सम्मिलित भएका र ८८ (७३.३३ प्रतिशत) जना बालिका मात्र परीक्षामा उत्तीर्ण भएको पाइयो । यस्तै गैर थारू बालिकाहरूको कक्षा १ देखि ५ सम्म जम्मा १९० जना थारू बालिका रहेकोमा परीक्षमा सम्मिलित १८५ (९७.३० प्रतिशत) जना मध्ये १६२ (८९ प्रतिशत) जना बालिकाहरू उर्त्तीणा भएको पाइयो । यसरी विद्यालयको परीक्षा रेकर्डलाई हेर्दा थारू बालिकाहरू गैर थारू बालिकाभन्दा कक्षागत रूपमा संख्यामा पनि कम र परीक्षामा संलग्नता तथा उपलव्धिस्तर पनि कम देखियो ।

विद्यालय शिक्षकहरूको विचारमा थारू बालिकाहरू पनि गैर थारू बालिकाहरू भन्दा पढ्नमा चलाख रहेका छन् । गैर थारू बालिकाहरूलाई उनका अभिभावकहरूले पढनमा जसरी ध्यान दिन्छन् । यदि थारू अभिभावकहरूले पनि त्यसरी नै आफ्ना बालबालिकाहरूलाई ध्यान दिने हो भने थारू बालिकाहरूको शैक्षिक उपलब्धी राम्रो हुने थियो । त्यस्तै थारू बालिकाहरू पनि आफ्नो उमेर जति जति बढ्दै जान्छ त्यति त्यति आफुमाथि घरको कामको बोझ थपिदै गएको  बताए । बिहान उठ्ने बित्तिकै टाउकोमा टोकरी (खाँची) भरी गोबर बोकेर टाढा खेतमा रहेको मलखादमा पुगेर आउने जाने गर्दा नै समय धेरै लाग्छ त्यसपछि पनि घर आएर गर्ने काम धेरै हुन्छ । परीक्षाका समयमा पनि पढनका लागि धेरै समय नभएको र कहिलेकाँही त घरको काम धेरै भएमा परीक्षाको बेलामा पनि विद्यालय परीक्षा दिन जान नपाएको थारू बालिकाहरू बताउँछन् । त्यस्तै उक्त अध्ययन क्षेत्रका विद्यालय प्र.अ.हरुका अनुसार आफ्ना विद्यालयका थारू छात्राहरू कक्षामा केही न केही स्तर ल्याएका र कुनै न कुनै वर्ष उत्कृष्ट हुनेमा  थारू छात्रा पनि पर्ने गरेको बताए ।

**तालिका १०:    थारू र अन्य बालिकाहरूको कक्षा दोऱ्याउने स्थिति (२०६५)**

| कक्षा | अन्य बालिकाहरू | | | थारू बालिकाहरू | | |
|---|---|---|---|---|---|---|
| | बालिका संख्या | कक्षा दोहोऱ्याउने बालिकाहरू | कक्षा दाहोऱ्याउने प्रतिशत | बालिका संख्या | कक्षा दाहोऱ्याउने संख्या | कक्षा दाहोऱ्याउने प्रतिशत |
| १ | ४५ | ४ | ८.८८ | ३५ | ७ | २० |
| २ | ४१ | ६ | १४.६३ | ३२ | ८ | २५ |
| ३ | ३७ | २ | ६.०६ | २२ | ७ | ३१ |
| ४ | ३८ | ६ | १५.७८ | ३१ | ५ | १६.१ |
| ५ | २९ | ५ | १७.२७ | २६ | ५ | १९.२३ |
| जम्मा | १९० | २३ | १२.१ | १४६ | ३२ | २१.९१ |

स्रोत विद्यालय अभिलेख २०६५

माथिको तालिका हेर्दा थारू बालिका र अन्य जातिका बालिकाको कक्षा दोहोऱ्याउने अवस्थामा पनि फरक पाउन सकिन्छ । गैर थारू बालिकाहरूको कक्षा दोहोऱ्याउने अवस्थालाई हेर्दा कक्षा १ देखि ५ सम्म बालिका संख्या १९० मध्ये कक्षा दोहोऱ्याउने संख्या २३ (१२.१० प्रतिशत) जना, थारू बालिकाहरूको अवस्थालाई हेर्दा कक्षा १ देखि ५ सम्म १४६ जना बालिकाहरू मध्ये ३२ ( २१.९१ प्रतिशत) जना बालिकाहरूले कक्षा दोहोऱ्याएको पाइयो । कक्षागत आधारमा हेर्दा गैर

थारू बालिकाहरूको कक्षा १ को कक्षा दोहाऱ्याउने ८.८८ प्रतिशत, कक्षा २ मा १४.६३ प्रतिशत, कक्षा ३ मा ६.०६ प्रतिशत, कक्षा ४ मा १५.७८ प्रतिशत र कक्षा ५ मा १२.१० प्रतिशत रहेको पाइयो । त्यस्तै थारू बालिकाहरूको कक्षा दोहोऱ्याउने अवस्थालाई हेर्दा कक्षा १ मा २० प्रतिशत, कक्षा २ मा २५ प्रतिशत, कक्षा ३ मा ३१ प्रतिशत, कक्षा ४ मा १६.१० प्रतिशत र कक्षा ५ मा १९.२३ प्रतिशत रहेको पाइयो ।

माथिको तथ्याङ्कबाट कक्षा दोहोऱ्याउने र कक्षा छाड्नेदर अन्य गैर थारू भन्दा बढी देखिएको छ । उमेर बढीभएर पढन छाडेको पटक पटक फेल भएर पढ्न छाडेको जस्ता कारणहरू बढी मात्रामा देखिएका हुन भने कोही बालिकाहरू फेल भएर अरूको अगाडि लाज मर्दो हुन्छ भनेर विद्यालय गएकै छैनन र विद्यालय गएतापनि फेल हुने डरले परीक्षामा सम्लग्नता नदेखाउने बरू उही कक्षा दोहोऱ्याउने गरेको पनि देखियो । सम्बन्धित विद्यालयका प्र.अ. तथा शिक्षकका अनुसार केही समयपछि विद्यालय फर्केर आई पढन थालेको पाइएको छ ।

**तालिका ११: भर्नाभएका बालिकाको विद्यालय छाड्नेदर (२०६५)**

| थारू | | | | अन्य | | |
|---|---|---|---|---|---|---|
| कक्षा | बालिका संख्या | विद्यालय छाड्ने | प्रतिशत | बालिका संख्या | विद्यालय छाड्ने | प्रतिशत |
| १ | ३५ | ५ | १४.२८ | ४५ | २ | ४.४ |
| २ | ३२ | ३ | ९.३७ | ४१ | – | – |
| ३ | २२ | ४ | १८.१८ | ३७ | १ | २.७० |
| ४ | ३१ | ४ | १२.९० | ३८ | – | – |
| ५ | २६ | ३ | ११.५३ | २९ | १ | ३.४५ |
| | १४६ | १९ | १३.०१ | १९. | ४ | २.१० |

स्रोतः विद्यालय अभिलेख–२०६६

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने थारू बालिका र गैर थारू बालिकाहरूको विद्यालय छाड्नेदर लाई हेर्दा थारू बालिकाहरूको कक्षागत रूपमा कक्षा १ मा १४.२८ प्रतिशत, कक्षा २ मा ९.३७ प्रतिशत, कक्षा ३ मा १८.१८ प्रतिशत, कक्षा ४ मा १२.९० प्रतिशत र कक्षा ५ मा ११.५३ प्रतिशत बालिकाले कक्षा छाडेको पाइयो । कक्षा १ देखि ५ सम्म जम्मा बालिका संख्याको आधारमा विद्यालय छाड्नेदर १३.०१ प्रतिशत रहेको पाइयो भने गैर थारू बालिकाको कक्षा छोड्नेदरलाई हेर्दा कक्षा १ मा ४.४ प्रतिशत, कक्षा २ मा ० प्रतिशत, कक्षा ३ मा २.७

प्रतिशत, कक्षा ४ मा ० प्रतिशत र कक्षा ५ मा ३.४५ प्रतिशत रहेको पाइयो । गैर थारू बालिकाहरूको जम्मा बालिका संख्याको आधारमा २.०१ प्रतिशत रहेको छ ।

सालगत रूपमा थारू बालिकाको शैक्षिक अवस्थालाई हेर्दा २०६४ सालको शैक्षिक तथ्याङ्कलाई हेर्दा २०६५ सालको शैक्षिक तथ्याङ्क केही फरक पाउन सकिन्छ कारण विगतका भन्दा अहिले थारू बालिकाको परीक्षामा संलग्नता विद्यालय छाड्नेदरमा कमी आएको छ भने उपलब्धि तथा कक्षा दोहोऱ्याउने दर भने बढेको पाउन सकिन्छ । शिक्षकहरूका अनुसार पहिले पहिले बालिका हरू १ वा २ पटक मात्र पनि फेल भए भने पढनै छाड्ने गर्थे भने आजभोली कक्षा दोहोऱ्याउने गर्दछन । जसले गर्दा कक्षा दोहोऱ्याउने दर बढेको छ भने कक्षा छाडनेदर घटेको छ ।

**तालिका १२: थारू बालिकाको तुलनात्मक उपलब्धि**

| | नेपालमा | | | जिल्लागत | | | अध्ययन क्षेत्रका विद्यालयमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा | उत्तीर्णदर | दोहोऱ्याउने दर | विद्यालय छाड्ने दर | उत्तीर्णदर | दोहोऱ्याउने दर | विद्यालय छाड्ने दर | उत्तीर्णदर | दोहोऱ्याउने दर | विद्यालय छाड्ने दर |
| १ | ४७.४ | ३८.७ | १३.९ | ५९.० | २३.३ | १६.५ | ८६.१ | २५.२ | ९.१ |
| २ | ७९.० | १६.८ | ४.० | ७३.८ | १५.९ | ११.५ | ९४.६ | १२.३ | ९.७ |
| ३ | ८३.७ | १५.३ | ४.० | ७७.१ | १४.१ | ९.८ | ८१.२ | १४.८ | – |
| ४ | ८२.७ | १२.७ | ५.० | ७९.६ | १०.४ | ८.३ | ८८.८ | ६.९ | १.१ |
| ५ | ८२.० | ९.० | १०.० | ८३.३ | ८.३ | ९.२ | ९४.५ | ४.३ | – |
| जम्मा | ७४.२ | १६.४ | ९.४ | ७२.० | १६.१ | ११.९ | ८९.७ | १४.४ | ४.३ |

स्रोत–नेपालको जनसंख्या विवरण, २००३

माथिको तालिकाबाट के स्पष्ट हुन आउछ भने थारू बालिकाहरूको राष्ट्रियस्तर देखि अध्ययन क्षेत्र सम्मको तुलनात्मक शैक्षिक उपलब्धि हेर्दा कक्षा १ देखि कक्षा ५ सम्मको नेपालको उत्तीर्ण दर ७४.२ प्रतिशत कक्षा दोहोऱ्याउने दर १६.४ प्रतिशत र विद्यालय छाड्नेदर ९.४ प्रतिशत त्यस्तै रूपन्देही जिल्लाको अवस्था हेर्दा उत्तीर्णदर ७२ प्रतिशत कक्षा दोहोऱ्याउनेदर १६.१ प्रतिशत र विद्यालय छाड्नेदर  ११.९ प्रतिशत रहेको छ । त्यस्तै अध्ययन क्षेत्रको थारू बालिका को उत्तीर्णदर ८९.७ प्रतिशत कक्षा दोहोऱ्याउनेदर १४.४ प्रतिशत र विद्यालय छाड्नेदर ४.३ प्रतिशत रहेको पाइयो । माथिको प्रतिसतलाई नेपालको १–५ सम्मका जसमा थारू बालिका रूपन्देही जिल्लाको १–५ सम्मका जम्मा थारूबालिका साथै गजेडी गा.वि.स.को १–५ सम्मको जम्मा थारू बालिका संख्यालाई आधार मानिएको छ ।

### ४.३.२ थारूबालिकाहरूको अतिरिक्त क्रियाकलापमा सहभागिता

थारू बालिकाहरूको विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा भाग लिनको लागि पनि आफ्ना छर छिमेकको साथीले जे गर्छ त्यसै गर्ने भन्ने कुरा गर्छन । केही बालिका हरू धेरै कर गरेपछि मात्र क्रियाकलापमा भागलिने गर्छन उनीहरूको अतिरिक्त क्रियाकलाप सहभागिता हेर्ने हो भने पनि सबैभन्दा बढी नाचगान तथा खेलकुदमा भागलिने गरेको र हाजिरी जवाफ जस्तो बौद्धिक क्रियाकलापमा भने उनीहरूको सहभागिता सुन्य नै रहेको शिक्षकहरूले वाताएका छन् र विद्यार्थीलाई सोधिएको प्रश्नावलीबाट पनि थहाहुन आउछ ।

विद्यालय प्र.अ. तथा खेलकुद शिक्षक अनुसार स्रोत केन्द्र स्तरीय खेलकुद प्रतियोगितामा थारू बालिका को सहभागिता उच्च रहने र विभिन्न पुरस्कारहरू गैरथारूहरूले भन्दा थारू बालिका हरूले नै बढी प्राप्त गर्ने गरेको पाइयो । प्रगती मा.वि.मा भएको एउटा स्रोत केन्द्र स्तरीय खेलकुद प्रतियोगीतामा बालिका तर्फका सबै खेलकुद मा २ वटा पुरस्कार मात्र गैर थारू बालिका ले प्राप्त गरेका थिए भने अरू सम्पूर्ण खेलका सबै पुरस्कारहरू थारूबालिका ले नै प्राप्त गरेका थिए भन्ने कुरा प्रगती मा.वि.का विद्यालय व्यवस्थापन समितिका अध्ययनले बताउनु भयो । थारू बालिकाहरूलाई अतिरिक्त किंयाकलाप सबैभन्दा मन पर्ने विषय भनेको खेलकुद हो भने त्यसपछिको विषय नाचगान हो भनेर विद्यालयका शिक्षक शिक्षिकाहरू बताउदछन । नाचगानमा पनि विषेश गरि उनीहरू आफ्ना संस्कृति झल्कने गीत संगीत नभई हिन्दी गीतहरूमा नाचगान गर्न मन पराउने प्रवृतिका देखिन्छन् ।

कक्षागत रूपमा यस्ता क्रियाकलापहरू गराउदा उमेर धेरै भइसकेका थारूकेटीहरू लजाउने गर्दछन् भने कम उमेरका मध्य केहीले कार्यक्रममा भागलिन्छन । तर विद्यालयको वार्षिक उत्सव जस्ता कार्यक्रममा भने उनीहरू त्यस्ता कार्यक्रमहरूमा सहभागी हुदैनन । किनभने उनीहरूका अभिभावकहरूबाट त्यस्ता कार्यक्रममा सहभागी हुनका लागि स्वीकृति नहुने कुरा शिक्षकहरूले वताउछन् ।शिक्षकहरूले भने अभिभावकहरू जनचेतनाको कमीका कारण सो गरेका हुन भन्छन भने अभिभावकहरू आफ्नो ठूलाभएका छोरीहरू वार्षिक उत्सव जस्तो सबै सहभागी हुनेकार्यक्रममा सबै मानिसहरूका अगाडि राम्रो इज्जत नरहने कुरा गर्दछन यसरी पाउलो फ्रेरेको सिद्धान्त यहाँ लागु हुन्छ शिक्षकहरूले अभिभावकहरू पनि आफ्नो बाध्यताका कारणले त्यस्तो कार्यक्रममा आफ्ना छोरीहरूलाई रोक लगाएको कुरा गर्दछन् ।

विगत वर्षहरूमा भन्दा अहिले वाद-विवाद, निबन्ध, हाजिरीजवाफ जस्ता क्रियाकलापमा थारूबालिकाको संख्यामा वृद्धि भएको कुरा विद्यालयमका शिक्षकहरू बताउछन् तर थारू बालिकाहरू यस्ता कार्यक्रममा भित्रि आत्मा देखि नै खुलेर लागेका भने हुँदैनन् यसका लागि उनीहरूलाई तयारी गर्नुपर्छ र विशेष महिला शिक्षकसँग उनीहरू नजीक भई आफु विस्वस्त भएको खण्डमा मात्र भागलिने गर्छन् । कहिले काही प्रतियोगितामा सहभागी भएर अन्यत्र जानुपर्ने भएमा पनि उनीहरूलाई महिला शिक्षक विशेषगरी थारू महिला शिक्षकको साथ चाहिन्छ । यदि सो नभएमा उनीहरू कुनै पनि प्रतियोगीतामा भागलिन नचाहने पनि त्यहाँका शिक्षकहरूबाट थाहा हुन आएको छ ।

### ४.३.३ थारू बालिकाहरूको उपस्थितिको स्थिति

थारू बालिकाहरूको राम्रो उपलब्धिको समस्या उनीहरूको निरन्तर विद्यालय अनुपस्थिति पनि हो कि भनेर प्रत्येक विद्यालयमा कक्षागत रूपमै विद्यालयमा स्वयम् गई कक्षा अवलोकन गरिएको थियो । जसको नतिजा निम्न प्रकार छ ।

**तालिका १३: थारू बालिकाहरूको उपस्थितिको स्थिति**

| थारू बालिका | | | | अन्यबालिका | | |
|---|---|---|---|---|---|---|
| **कक्षा** | **संख्या** | **उपस्थिति** | **प्रतिशत** | **संख्या** | **उपस्थिति** | **प्रतिशत** |
| १ | ३५ | ३० | ८५.७१ | ४५ | ४२ | ९३.३३ |
| २ | ३२ | २६ | ८१.२५ | ४१ | ४० | ९७.५६ |
| ३ | २२ | १९ | ८६.३६ | ३७ | ३३ | ८९.८१ |
| ४ | ३१ | २६ | ८६.८७ | ३८ | ३५ | ९२.९० |
| ५ | २६ | २२ | ८४.६१ | २९ | २६ | ८९.६५ |
| **जम्मा** | १४६ | १२३ | ८४.२४ | १९० | १७६ | ९२.६३ |

स्रोत-विद्यालय सर्वेक्षण २०६७

माथिको तालिका अनुसार थारू बालिका र गैर थारू बालिकाहरूको उपस्थितिको तुलनात्मक अवस्थालाई हेर्दा कक्षा १ मा ८५.७१ प्रतिशत, कक्षा २ मा ८१.२५ प्रतिशत, कक्षा ३ मा ८६.३६ प्रतिशत, कक्षा ४ मा ८६.८७ प्रतिशत र कक्षा ५ मा ८४.६१ प्रतिशत उपस्थिति रहेको पाइयो । थारू बालिकाहरूको कक्षा १ देखि ५ सम्मको जम्मा बालिका संख्याको

आधारमा ८४.२४ प्रतिशत उपस्थिति रहेको छ । गैर थारू बालिकाहरूको उपस्थितिलाई हेर्दा कक्षा १ मा ९३.३३ प्रतिशत, कक्षा २ मा ९७.५६ प्रतिशत, कक्षा ३ मा ८९.८१ प्रतिशत, कक्षा ४ मा ९२.९० प्रतिशत र कक्षा ५ मा ८९.६५ प्रतिशत उपस्थिति रहेको पाइयो । कक्षा १ देखि ५ सम्मको जम्ममा बालिकाको संख्याको आधारमा ९२.९३ प्रतिशत उपस्थिति रहेको छ । विश्वकै भविष्य भनेको आजका बालबालिका हुन् आजका बालबालीका अथवा भोलीको यी सन्ततीहरूको लागि प्रत्येक नागरिकले यिनीहरूप्रति मेरो पनि दायित्व छ भनी सहयोगात्मक र सकारात्मक व्यवहार गरिदिनुपर्छ ।

थारू बालिकाहरूको शैक्षिक उपलब्धिमा उनीहरूको उपस्थितिले प्रभाव पार्ने कुरा विद्यालयका शिक्षक तथा प्र.अ. बाट थाहा भयो । उनीहरूका अनुसार कक्षा १ मा बालबालिकाहरू सबैभन्दा बढी अनुपस्थिति रहने कुरा पनि बताए । कक्षा १ मा अनुपस्थिति रहनेदर थारू र गैरथारू दुवैको रहेको पनि थाहा हुन्छ । त्यस्तै गाउँ घरमा विवाह हुँदा वा त्यस्तै अरू कुनै उत्सव हुँदा पनि थारू बालिकाहरूको अनुपस्थितिदर गैर थारूको भन्दा बढी हुने कुरा पनि उनीहरूले गरे ।

विशेषगरी बाली लगाउने बाली काट्ने र भित्र्याउने समयमा बालिकाहरू बढी अनुपस्थिति रहने कुरा उनीहरूले गरे । यो समयमा बालीकाहरू भने बाबुआमासँगै काममा जान्छन र यदि साना छन् भने गाइवस्तु हेर्ने जस्ता कार्यहरू गर्नु परेको पनि उनीहरू बताउछन । अनियमित हुनेहरूलाई अलि कडाइका साथ प्रस्तुत हुदा बुबाआमाले विद्यालय नजा भन्नुभयो भन्ने प्रतिक्रिया आउँछ भने कहिलेकाही बाबुआमा स्वयम विद्यालय आई मेरो छोराछारीलाई कडा रूपमा प्रस्तुत भएको भनेर झोक्किने गरेको पनि थाहा हुन्छ । यसरी शिक्षक वर्गको पेशागत सुरक्षा एवं मर्यादामा अभाव खड्किएको देखिन्छ । यसलाई समयमै सुधार गरी शैक्षिक मर्यादा स्वाभीमानीपनलाई सुरक्षित राख्नुपर्ने कुरामा पनि उनीहरूले जोड दिए ।

अध्ययन क्षेत्रका विद्यालयहरू मध्ये गजेडी उच्च मा.वि. मा मधेसी मुलका दलित बालबालीकाहरूको संख्या अत्याधिक रहेको र उनीहरूको विद्यालय अनुपस्थितलेदर बढी रोकाले समग्रमा हेर्दा थारू बालीकाहरूको उपस्थिति गैर थारू बालिकाहरूको भन्दा सन्तोषजनक देखिएको छ ।

### ४.३.४ थारू बालिकाहरूले विद्यालयमा गर्ने क्रियाकलापको अवस्था

थारू बालिकाहरूको विद्यालयमा गर्ने क्रियाकलाप हेर्नका लागि रूजुसूची फाराम निर्माण गरी उनीहरूको क्रियाकलाप हेरिएको थियो । जसको नमूना परिशिष्ट ८ मा रहेको छ । थारूबालिकाहरूको विद्यालय क्रियाकलापलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४: थारू बालिकाहरूले विद्यालयमा गर्ने क्रियाकलापको अवस्था**

| क्र.स. | क्रियाकलाप | उत्तम | मध्यम | सामान्य | न्यून | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कक्षामा ध्यान दिएर सुन्छ | १४(७०%) | २(१०%) | ३(१५%) | १(५%) | |
| २ | विषय संग सान्दर्भिकता प्रश्न सोध्छ | १२(६०%) | ४(२०%) | १(५%) | ३(१५%) | |
| ३ | छलफलमा सहभागी हुन्छ | १०(५०%) | ५(२५%) | ४(२०%) | १(५%) | |
| ४ | कक्षाकार्य गर्छ | १५(७५%) | ३(१५%) | १(५%) | १(५%) | |
| ५ | गृहकार्य गरेर ल्याउछ | १६(८०%) | ३(१५%) | १(५%) | - | |
| ६ | समयमा स्कुल आउछ | १३(६५%) | २(१०%) | ४(२०%) | १(५%) | |
| ७ | कपी कलम लिएर स्कुल आउछ | १४(७०%) | ३(१५%) | ३(१५%) | - | |
| ८ | अरू विद्यार्थी संग मिलेर काम गर्छ | ११(५५%) | ७(३५%) | २(१०%) | - | |
| ९ | अतिरिक्त क्रियाकलापमा भाग लिन्छ | १०(५०%) | ५(२५%) | ४(२०%) | १(५%) | |
| १० | सोधेको प्रश्नको उत्तर दिन्छ | १६(८०%) | १(५%) | २(१०%) | १(५%) | |

थारू बालिकाको विद्यलाय क्रियाकलाप हेर्नका लागि बनाइएको सूचीबाट २० जना थारू बालिकालाई तयार पारिएको रूजुसूचीका प्राप्त तथ्याङ्क अनुसार १० वटा क्रियाकलापका विधाहरूमा निम्न क्रियाकलापको अवस्था भएको पाइयो ।

कक्षामा ध्यानदिए सुन्छ भन्ने क्रियाकलाप १४ (७०%) जना बालिका उत्तम भएको पाइयो । २ (८०%) जना को मध्याम भएको पाइयो ३ (१५%) जना बालिकाको मध्याम भएको पाइयो ३ ( १५%) जना सामान्य पाइयो भने १ (५%) जना न्यून भएको पाइयो । विषयसँग सान्दर्भिक प्रश्नसोध्न भन्ने क्रियाकलापमा १२ (६०%) जना उत्तम पाइयो, ४ (२०%) जना को मध्यम पाइयो, १ (५%) जना को सामान्य पाइयो भने ३ (१५%) जनाको न्युनभएको पाइयो थारू समुदायका बालिकामा शिक्षसँग प्रश्न सोध्ने बानी कमै हुन्छ । छलफलमा सहभागी हुन्छ भन्ने क्रियाकलाप १० (५०%) जना को मधयम भएको पाइयो, ४ (२०%) जना को सामान्य भएको

पाइयो भने १ (५%) जना को न्युन रहेको पाइयो । उनीहरूको सामाजिक परम्पराले गर्दा पनि धेरै बालिका हरू छलफलमा भागलिन गाह्रो मान्छन ।

कक्षाकार्य गर्छ भन्ने बुँदामा १५ (७५%) को उत्तम भएको ३ (१५%) जना को मध्यम, १ (५%) जना सामान्य र १ (५%) जनाको न्युन रहेको पाइयो । गृहकार्य गरेर ल्याउछ भन्ने क्रियाकलाप हेर्दा १६ (८०%) जना को उत्तम रहेको पाइयो ३ (१५%) जनाको मध्यम र १ (५%) जनाको सामान्य रहेको पाइयो । गृहकार्य गरे शिक्षकहरूले पिट्ने डरले पनि धेरै जसोले गृहकार्य गरेर ल्याउने गर्दछन् । समयमा स्कुल आउछ भन्ने क्रियाकलाप १३ (६५%) जना को उत्तम देखियो, २ (१०%) जनाको सामान्य र १ (५%) जनाको न्युन देखियो । थारू बालिकाहरू घरायसी कामका कारणले समयमा स्कुल जान नपाउने पनि पाइएको छ । कापी कलम लिएर स्कुल आउछ भन्ने क्रियाकलाप हेर्दा १४ (७०%) जनाको उत्तम देखियो, ३ (१५%) जनाको माध्यम, ३ (१५%) जनाको सामान्य देखियो । अरू विद्यार्थीसँग मिलेर काम गर्छ भन्ने क्रियाकलापमा ११ (५५%) जनाको उत्तम देखियो ७ (३५%) जनाको माध्यम देखियो भने २ (१०%) जनाको सामान्य देखियो प्रायजसो थारू बालिकाहरू आफ्नै सांस्कृतिक परिवेशका हुने हुनाले अरू जातिका बालिकाहरूसंग कमै मात्र मिल्ने गरेको देखियो ।

अतिरिक्त क्रियाकलापमा भाग लिन्छ भन्ने क्रियाकलाप हेर्दा १० (५०%) जनाको उत्तम देखियो ५ (२५%) जनाको माध्यम देखियो, ४ (२०%) जनाको सामान्य देखियो भने १ (५%) जना पाइयो । सोधेको प्रश्नको उत्तर दिन्छ भन्ने क्रियाकलाप हेर्दा १६ (८०%) जनाको उत्तम रहेका पाइयो १ (५%) जनाको माध्यम, २ (१०%) जनाको सामान्य ८ (४०%) जनाको न्युन रहेको पाइयो । थारू बालिकाहरू आफैमा लाज मान्ने प्रवृति भएकोले सोधेको प्रश्नहरूको केहिले उत्तर दिन गाह्रो मान्छन् ।

## ४.४ थारू अभिभावकको आफ्नाछोरीहरूको शिक्षाप्रतिको धारणा

शिक्षा ज्योतिबाट टाढै रहेर आफ्नो पसिना बगाएर खाने थारू जातिको अभिभावकहरूको धारणा छोरीहरूको शिक्षा प्राप्ति प्रति कस्तो छ भनेर बुझ्नका लागि छोरालाई मात्र विद्यालय पढाउने तथा छोरीलाई पनि विद्यालय पठाउने अभिभावकहरूको धारणा बुझिएको थियो जुन यस प्रकार छ । छोरीलाई पनि विद्यालय पठाउने अभिभावकहरू के कारणले

छोरीलाई विद्यालय पठाउनु भएको छ त भनेर बुझ्दा विभिन्न खालका उत्तरहरू प्राप्त भएको छ ।

अभिभावकहरू मध्ये ५(२५%) जनाले अहिलेको जमानामा नपढेर केही काम नलाग्ने राम्रो काम गर्नका लागि अगाडि बढ्नका लागि समाजमा नाम कमाउनुका लागि पढन पर्छ भन्ने मान्यता राखेको पाइयो त्यस्तै अभिभावकहरूले अलि अलि हरहिसाब गर्न, चिठ्ठी लेख्न जान्ने नभए सम्म विवाह गर्न पनि गाह्रो हुने र राम्रो केटाले विवाह नगर्ने बताए अर्थात उनीहरूका अनुसार विवाहका लागि पढ्नु पर्ने हुन्छ । त्यस्तै ६(३०%) जना अभिभावकहरूले अरू नातागोता तथा छरछिमेकले के भन्लान उनीहरू के सोच्लान अरूहरूको अगाडि लाज हुन्छ भनेर आफ्ना छोरीहरू विद्यालय पठाएको बताए त्यस्तै विद्यालय पठाउदा शुल्क लाग्दैन किताब पनि निःशुल्क पाइन्छ विद्यालय जाँदैमा के विग्रन्छ छोरी पढ्दैनन भन्न पनि पाइन्छ भनी अभिभावकहरूले छोरीलाई विद्यालय पढ्न पठाएको पनि भेटिएको छ ।

कान्टका अनुसार राज्यले सबै किसिमका सुविधाहरू यस वर्षसम्म नआइपुगेको देखियो । शिक्षा सम्बन्धी विभिन्न सुविधाहरू जस्तै छात्रवृति, पाठ्यपुस्तकको उपलब्धता आदि यस वर्ग सम्म लक्षित उद्देश्य अनुसार नपुगेको देखियो । साथै उनका अनुसार यिनीहरूमा शिक्षा सम्बन्धी जनचेतनाको पनि अभाव देखिएकाले पाउलो फ्रेरेका अनुसार सेवा र सुविधा मात्र वृद्धि गरेर नहुने साक्षरतामा लागि जगाउनु पर्ने देखिन्छ ।

### ४.४.१. छोरा मात्र विद्यालय पठाउने अभिभावकको धारणा

नेपाल जस्तो गरिब मुलुकमा सिमान्त गरिबीको रेखा मुनि रहेका व्यक्तिहरूको संख्या अत्यधिक छ । यस्तो अवस्थामा थारू अभिभावकहरू गरिबीका कारण र आफ्ना छोरीहरूको संख्या धेरै भएको कारण आफ्ना छोरीहरू विद्यालय पठाउन नसक्ने बताए । छोरीलाई अर्काको घर जाने जात हो भन्ने अभिभावक रहेको कुरा ४ (४०%) जना शिक्षकहरू बताउछन् । आफ्ना छोरीहरू विद्यालय जान नमानेको हुनाले उनीहरू विद्यालयबाट वञ्चित भएको पनि थाहा हुन्छ तर उनीहरू साना वालबालिकाहरू हुन कर गरेर फकाएर विद्यालय पठाउने काम त अभिभावकको हो भनेर शिक्षकहरू उनीहरूलाई शिक्षा प्रतिको सचेतनामा कमी भएको मानेका छन् । विद्यालयमा शुल्क नलाग्ने निःशुल्क पाठ्यपुस्तक वितरण छात्रवृति जस्ता

सुविधाहरू हुँदाहुँदै पनि छोरीले पढेर के काम भन्ने जस्ता अभिव्यक्तिले यहाँ कान्टको समताको सिद्धान्त लागु हुन्छ ।

### ४.४.२. प्राथमिक विद्यालयप्रति अभिभावकको धारणा

शिक्षाप्रति अभिभावकको धारणा बुझ्नका लागि १८ जना छोरालाई मात्र विद्यालय पठाउने र १८ जना छोरीलाई पनि विद्यालय पठाउने अभिभावकलाई छलफलमा संलग्न गराउदा वर्तमान शिक्षा प्रणाली आफ्ना समस्या तथा थारू बालिकाका समस्याका बारेमा निम्न धारणा व्यक्त गरेका छन् ।

१६(८०%) जना अभिभावकहरूको आफ्नो छोरीहरूलाई पढाइसकेपछि सो शिक्षाले थारूहरूको परम्परागत सीपलाई बढवा नदिएको साथै पढिसकेपछि कामको खोजी गर्नुपर्ने बाध्यता गाउँघरमा अन्य समुदायमा पनि विद्यमान रहेकाले विद्यालयप्रति निरासा जागेको बताए । अभिभावक रामप्रसाद पंजियारले छोरीहरू  विद्यालय पठाउँदा विपरित लिङ्गी प्रति अकार्षित भएर विग्रने डर बढी हुने बताउनुका साथै आर्थिक आभावका कारण सबै छोरीलाई आवश्यक सामग्रीको व्यावस्था गर्न नसकिने समस्या देखाउनु भयो, आफ्ना वरपर साथीहरू विद्यालय नजाँदा वा विद्यालय छोड्दा आफ्ना छोरीहरू पनि विद्यालय जान नखोज्ने वा विद्यालय छोड्न खोजेको पनि थाहा भयो ।

अभिभावक रामअचल चौधरी मध्यान्तर पछिका सबै पिरियडहरू खाली हुन्छ भनेर आफ्ना छोरीहरू धेरै जसो १-२ बजे नै विद्यालयबाट आइसक्ने कुरा बताए । अभिभावकहरू स्वयम विद्यालय गएर किन विद्यालयमा निरन्तर पढाई हुँदैन भनेर प्रश्न गर्दा बालिकाहरू स्वयम भागेर गएका भन्ने उत्तर शिक्षकहरूले दिने गरेको पनि बताए ।

त्यस्तै छोरामात्र विद्यालय पठाउने अभिभावक सुकई थारू लगायत १७ (८५%) जना अभिभावकले आफ्ना ४ भन्दा बढी छोरीहरू रहेको बताए । यसबाट सबैलाई विद्यालय पढाउन नसकिने र घरको कामकाजले आफ्ना छोरीहरू विद्यालयमा नियमित नहुने बताए त्यस्तै पटक पटक अनुत्तीर्ण भई राख्दा उमेर ठूलो भएर आफ्ना कक्षाहरूमा आफुभन्दा धेरै साना साथीहरूसँग वस्नु पर्दा लाज लागेर आफ्ना छोरीहरू विद्यालय जान नमानेको पनि भेटियो । छोरीहरू विद्यालय पठाउँदा घरको कामकाजमा असुविधा हुने सबै काम आफै गर्नुपर्ने जस्ता समस्याहरू पनि उनीहरू राखेका थिए । विवाह सानैमा भइसकेको तर परिपक्क

नहुन्जेल केही समय माइतमै बस्ने चलन हुने उनीहरूले बताए त्यसैले केटाको घरबाट घरधन्दाको काम राम्रो गरी सिकाउने पढाउनु पर्दैन भन्ने आज्ञा भएर पनि आफ्ना छोरीहरूलाई विद्यालय नपठाएको थाहा भएको छ ।

१३(६५%) जना अभिभावकको अनुसार आफ्ना सांस्कृतिक चालचलनले गर्दा धेरै जसो गाउँमा विवाह पुजा तथा कसैको मृत्यु भएको धेरै दिन सम्म आफ्ना छोरीहरूको नियमित विद्यालय रोकावट हुने कुरा पनि उनीहरूले गरे के गर्ने आफ्नो घरमा काम हुँदा पटिदारीका छोरीहरू आएर काम गर्छन भने आफना छोरीहरूलाई पनि त गाउँघरमा आइपरेका कामहरूमा सधाउन पठाउनु पऱ्यो नत्र  समाजभन्दा बाहेक हुनु पर्छ आफ्नो काम पनि उनीहरूले गरे त्यसैकारण आफ्ना छोरीहरू अनियमित हुने र त्यसपछि पढ्न छोड्नु पर्ने गुनासो पनि व्यक्त गरे यसरी यहाँ कान्टको पहिलो सिद्धान्त समानताको सिद्धान्त लागु हुन्छ ।

### ४.४.३ थारू बालबालिकाहरूको शिक्षा प्राप्तिमा सामना गर्नु परेका समस्याहरू

प्राथमिक तह सम्म शिक्षा निःशुल्क भए पनि सरकारी तथा गैर सरकारी संघ संस्थाहरूको प्रभावकारी भुमिका रहे तापनि थारू बालिकाहरूले शैक्षिक उपलब्धिमा खासै सुधार देखिन सकिएको छैन । यस अध्ययनमा थारू बालिकाहरूको प्रभावकारी उपलब्धीमा भएका वाधकहरूलाई औंलाउने प्रयास गरिएको छ । थारू बालिका हरूको पहिलो समस्या भन्नु नै नियमित विद्यालय जानेमा समस्या रहेको कुरा स्वयम बालिकाहरूले नै गरे थारू बालिका फूलमती थारू भन्छिन् । मान्छेको खाचो हुने मान्छे नपाइने हुँदा आमाबुबा र घरका अन्य सदस्यहरू खेतवारीका काममा जाँदा घरमा सानो भाईबहिनी हेर्नु पर्ने वा भैसी बाख्रा चराउनु र खाना पकाउनु पर्ने जस्ता बाध्यताहरूले गर्दा नियमित विद्यालय जान कठिनाई परेको बताइन । बालिका कलावती चौधरीले गाउँघरमा हुने विवाह, भोज तथा मेला पर्वहरूमा अभिभावक स्वयमबाट विद्यालय रोक लगाउने कुरा प्रष्ट पार्दै आफ्ना घर नजिकैका साथीहरू विद्यालय नजाँदा पढन जान मन नलाग्ने कुरा पनि भनिन । लामो विदाका अगाडी र पछाडी २,४ दिन सबै पिरियडहरू खाली हुने हुँदा  विद्यालय गएर चाँडै फर्किनु पर्छ भनेर विद्यालय नै नजाने र मध्यान्तर पछिका ३ पिरियडहरू धेरै जसो पढाइ नहुने भएकोले माध्यान्तरपछि घर भागेर जाने कुरा भने छलफल पछि भाग लिएका सबै बालबालिकाहरूको थियो । दुवै जना प्र.अ. तथा ७ जना शिक्षकहरू सो कुरामा विद्यालय पक्ष जिम्मेवार नभई स्वमय बालिकाहरू र उनका अभिभावकहरू जिम्मेवार रहेको बताए । लामो विदाका २-४ दिन अगाडी र पछाडि

स्वयम् अभिभावकहरूले नै पढाई हुँदैन नजा बरू घरको काम गरेर बस र टिफिन पछिको पिरियडहरू नपढेर २-३ बजे बाख्रा चराउन आइज भनेर अभिभावकहरू नै भन्ने गरेको पनि बताए ।

थारू बालिका हरूले भोगेको अर्को समस्या भनेको शिक्षण सिकाई क्रियाकलापमा समस्या हो । यसमा उनीहरूले पाठहरू पढ्दा मातृभाषामा नभएकोले नेपाली भाषा बुझ्न गाह्रो हुने कुरा गरे भने अंग्रेजीमा पाठ्हरूको अर्थ आफ्नै भाषामा भइदिए बुझ्न अप्ठयारो नहुने पनि बताए । प्रश्नहरू सोध्दा पनि थारू बालिकाहरूसँग गैर थारू शिक्षकहरूले अर्कै व्यवहार गर्ने गरेका र २-४ जना शिक्षकहरू विद्यालय आई अफिस मै बसी राख्ने कक्षामा नआउने वा ढिलो आउने गरेको पनि गुनासो उनीहरूले गरे ।

प्रभावकारी उपलब्धीमा बाधकहरू थारू बालिकाहरूको झन अर्को समस्या हो । प्रभावकारी उपलब्धीमा उनीहरूको समस्या पढाई छुट्ने, प्रश्न पत्र मातृभाषामा नहुँदा बुझ्न गाह्रो हुनु हो । आफ्ना साथीहरू जाँच दिए पनि फेल भइन्छ बरू जाँच नै नदिएर कक्षा दोहोऱ्याउने गरेका पनि वाताएका छन त्यस्तै परिक्षाको समयमा पनि घरमा गर्नु पर्ने सम्पूर्ण कार्यहरू सकेर मात्र परिक्षामा आउनु पर्ने बाध्यता रहेको पनि उनीहरूले बताए परीक्षा समयमा पढ्ने समय महिलाले पनि शान्त बातावरणमा पढ्ने पर्याप्त समय नमिलेको बताए । नेपाल सरकारले नि:शुल्क प्राथमिक शिक्षा नि:शुल्क पाठ्यपुस्कत वितरणको नारा लिए पनि समयमै पाठ्यपुस्तक पुग्न नसकेको कारण आफुसँग सबै विषयका पुस्तक नभएर पढन नपाएकोले परिक्षामा उपलब्धि राम्रो नभएको थारू बालिकाहरूले जनाउँछन् ।

थारू बालबालिकाहरूका अन्य शैक्षिक समस्याहरूमा पटक पटक फेल भइराख्दा निरास जागेर पढाई छोड्नु हो । सानै उमेरमा विवाह हुने चलनले गर्दा पढ्दा पढदै विहे भएर पढाइ छोड्नु पर्ने बाध्यता आफ्ना साथीहरूको भएको कुरा पनि थारू बालबालिकाहरूले बताए यसरी यहाँ कान्टको समताको सिद्धान्त लागु हुन्छ जहाँ सवैमा शिक्षाको अवसर पुऱ्याउनका लागि नआएकालाई बढी सेवा र सुविधा दिनुपर्छ अनि यात्र सामाजिक न्याय कायम गर्न सकिन्छ ।

## ४.५ थारू समुदायका बालिकाहरूलाई शिक्षाको मूल धारामा ल्याउने उपायहरू

शिक्षा क्षेत्रमा फराकिलो सोचाई भयो मात्र सामाजिक विविधताको अधिकत्तम व्यवस्थापन गर्दा कक्षाकोठामा आउने समस्या कम गर्न सकिन्छ । शिक्षण सिकाइमा सहभागिता बढाउनु

र त्यस किसिमको निराकारण गर्नु अति आवश्यक हुन्छ । नेपालमा सन् २०१५ सम्ममा निरक्षरता उन्मुलन गर्ने उद्देश्यका साथ सबैका लागि शिक्षा कार्यक्रम संचालित छ ।

### ४.५.१ थारू बालीकाहरूलाई शिक्षाको मुलधारमा ल्याउने उपाय

थारू बालिकाहरू अझै पनि शिक्षाको मूलधारमा नरहेको कुरा उल्लेख गर्दै सम्बन्धित विद्यालयका प्र.अ. शिक्षकहरू तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूले यिनीहरूलाई शिक्षाको मूलधार समेट्न नीतिगत प्रयोगात्मक र व्यवहारिक उपायहरू अवलम्बन गर्नुपर्ने कुरामाथि जोड दिएका थिए ।

नेपाल सरकारले चलाएको भर्ना अभियानले विगतमा भन्दा अहिले बालिकाहरूको सहभागिता बढी रहेको उल्लेख गर्दै सरकारी तवरबाट भर्ना अभियानलाई अझ व्यापक बनाउने कुरा माथि विद्यालय व्यवस्थापन समितिका दुवै जना अध्यक्षहरूको जोड थियो भने छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्ने कुरामा जोड दिनुपर्छ भनेका छन् । यसका लागि थारू बालिकाहरूको अभिभावकहरूलाई जनचेतनाका कार्यक्रमहरूबाट सचेत बनाउनु पर्छ र थारू बालिकाहरूलाई पनि शिक्षाको महत्वबारे बुझाउनु पर्छ भन्ने धारणा व्यक्त भएको छ ।

सकारात्मक शैक्षिक धारणाको विकासको लागि पुरै समुदायलाई शिक्षित बनाउनु पर्दछ । विशेष थारू महिलाहरूलाई विभिन्न कार्यक्रम मार्फत शिक्षित र जागरूक गर्दै अगाडी बढाउनु पर्दछ भन्ने दुवै विद्यालयका प्र.अ.हरूको भनाई रहेको छ । जसले गर्दा उनीहरूले आफ्ना छोरीहरूलाई पनि शिक्षा दिने क्रममा सचेत होउन । थारू अभिभावक नै आफ्ना छोरीहरूको पढाई प्रति चासो नदेखाएकाले थारू अभिभावकलाई शिक्षाको महत्वको बारेमा चेतना जगाउनु पर्ने कुरा दुवै विद्यालयका प्र.अ.हरूको भनाई रहेको छ ।

त्यस्तै छात्रवृतिको व्यवस्था भए पनि सो समयमा उपलब्ध नहुने हुँदा थारू बालिकाहरूको शिक्षामा बढी सहभागिता गर्नका लागि छात्रवृतिको पहुँच प्रभवकारी बनाउनु पर्छ भन्नु भयो । विभिन्न कार्यक्रम तथा अतिरिक्त क्रियाकलाप राम्रो गरे वापत प्रत्येक पटक विद्यलाय स्रोतबाट खर्च गरेर पूनबर्ल (पुरस्कर) दिन सक्ने अवस्था विद्यालयको नरहेको पनि उहाँहरूले बताउनुभयो ।

शिक्षकहरू मध्य २ जना महिला शिक्षकहरूले भने बालविवाहका कारण सानै उमेरमा विवाह हुने हुँदा बालविवाह प्रथा अन्त्यलाई कानूनी रूपमा मात्र नभई व्यवहारिक रूपमै लागु गर्ने कुरा माथि जोड दिए प्रत्येक विद्यालयमा स्थानीय थारू शिक्षक अझ विशेष थारू शिक्षिकाको

व्यवस्था भएमा थारू बालिकाहरूको सहभागिता बढ्दो हुन्छ । थारू बालिकाहरूको शैक्षिक उपलब्धी कम हुनुमा थारू समुदाय नै जिम्मेवारी भएको र उपलब्धी बढाउनका लागि थारू महिलाहरूलाई शशक्तिकरण गर्नुपर्ने कुरा ५० प्रतिशत शिक्षकहरूको रहेको छ ।

पाउलो फ्रेरेको समुदाय शशक्तिकरण प्रविधिको माध्यमबाट फेरेको साक्षरता पुनरूत्पादन विधिका अनुसार तल्लो तहका व्यक्तिहरूको परिवेश अनुसार शिक्षण गर्दै साक्षर वनाउनु पर्छ । शिक्षाको पाठ्यक्रम ढाँचा व्यक्ति तथा समुदायको आवश्यकता अनुसारको हुनुपर्छ । शिक्षाले एकमात्र व्यक्तिको हित गर्ने नभई समुदायको हित गर्ने खालको हुनुपर्छ ।

यसरी थारू वालबालिकाहरूलाई पनि शिक्षाको मूलधारमा समेट्नको लागि पाउलो फ्रेरेको समुदाय सशक्तिकरणका माध्यमबाट शिक्षा दिने विधिबाट दविएका समुदायलाई सशक्तिकरण गरेर अघि बढाउनु पर्छ । थारू समुदायका बालिकाहरूको शिक्षामा सहभागिता बढाउन शिक्षाको महत्व माथि प्रकाश पार्नु पर्छ । 3RS Vs 7RS को मान्यता अनुरूप उनीहरूको अभिभावकहरूलाई जनचेतना मार्फत अगाडि बढाउनु पर्छ । उनीहरूलाई नै पहिला शसक्त पारेपछि शिक्षाको महत्व र प्रयोगवारे बुझाएपछि मात्र उनीहरूले आफ्ना बालिकाहरूलाई विद्यालयमा संलग्न गराउनेछन् । पहाड र तराईका ब्राहमण क्षेत्रीका समुदायका ६० प्रतिशत व्यक्तिहरू साक्षर हुँदा दलित र मुसहरको ५ प्रतिशत मात्र साक्षर छन् । राष्ट्रिय साक्षरता दर १० प्रतिशत भन्दा कम छ । विद्यालय नजानु जातिय अन्यायले उब्जाएको शैक्षिक असमानता हो । त्यसैगरी पुरूषको दाँजोमा आधा मात्र महिला साक्षर छन् । जुनसुकै जातिमा पनि यहि परीपाटी कायम भएको छ । यसरी शिक्षाको क्षेत्रमा पनि जातीय असमानताले जरो गाडि सकेको हाम्रो समाजमा यिनीहरूलाई शैक्षिक मूलधारमा समेट्नु अतिनै संवेदनशील विषयपनि हो ।

### ४.५.२ थारू बालिकाहरूको धारणा

नमूना छनौटका परेकाथारू बालिकाहरूलाई के कसो गर्दा पढाईमा राम्रो उपलब्धी हासिल गर्न सकिन्छ । होला ? र के गर्दा सधै विद्यालय जान मन लाग्छ ? के कस्ता उपाय गर्दा पढाई राम्रो भई थारू बालिकाहरूको सहभागिता सवै कक्षामा राम्रो गर्न सकिन्छ त भनि सोध्दा निम्न कुरा पाइयो ।

बालिकाहरूको समूह पुरूष शिक्षक भन्दा (मिस मेडमहरू) महिला शिक्षक भएमा विद्यालय आउन मन लाग्ने कुरा गरे । आफ्नो विद्यालयमा पनि अन्य निजी विद्यालयमा जस्तै दैनिक

गृहकार्य र बढीभन्दा बढी अतिरिक्त क्रियाकलाप संचालन भएमा पक्कै पनि उपलव्धी राम्रो हुने थारू बालिका मध्यका ४ (२०%) जना थारू बालिकाले बताए ।

अंग्रेजी विषय पढाउदा अतिनै अप्ठ्यारो शव्दहरूको अर्थ आफ्नै मातृभाषा (थारू) मा बताउदा बुझ्न सजिलो हुने कुरा पनि उनीहरूले गरे । घरमा कामको बोझ कम भएमा र शान्त वातावरणमा पढ्ने उचित समय मिलेमा र दैनिक विद्यालय जान पाएमा पक्कैपनि उपलव्धी राम्रो हुने कुरा थारू बालिका मध्य ३ (१५%) जना बालिकाहरूको छ । कमी बालिकाहरू आफ्नो पारिवारिक गरिवीका कारण विद्यालय अनियमित हुने गरेको र कापी कलम सकिएको धेरै समय सम्म पनि बुवा आमाले कापी, कलम उपलव्ध नगराइदिने कुरा थारू बालिका मध्यकी फूलमती थारू बताउछिन । थारू बालिकाहरू मध्य २ (१०%) जना बालिकाहरूसँग सबै पाठ्यपुस्तक नभएको पनि भेटिको । घर तथा विद्यालय दुवै ठाउँमा लैङ्गिक असमानता तथा जातिय असमानताको व्यवहार हुने गर्दछ । विद्यालयमा पनि बाहुन क्षेत्री लगायत अन्य जातिका साथीहरूले हेप्ने गरेको पनि उनीहरूले बताए । टिफिन आघि र पछि सधैं सबै घण्टीहरू पढाई भएमा उपलव्धी राम्रो हुने कुरा ७ (३५%) जना थारू बालिकाहरूको भनाई रहेको छ । कान्टले स्वतन्त्रताको अधिकार समानताको अधिकारलाई अगाडि सारेका छन् । जसमा आर्थिक र सामाजिक स्रोत र साधनहरू बाडिनु पर्छ भनेका छन् तर यि सेवा सुविधाबाट केही वर्ग वञ्चित भए त्यसपछि उनले सामाजिक न्यायका लागि समानता नभई समता हुने कुरामा जोड दिए । यहाँ थारू बालिकाहरूका सम्बन्धमा समताको सिद्धान्त अपनाइ यिनीहरूलाई विशेष व्यवस्था गर्नुपर्ने कुरामा शिक्षकहरूले जोड दिएका छन् ।

# परिच्छेदः पाँच

# प्राप्ति, निर्ष्कष र सुझावहरू

## ५.१ प्राप्ति

रूपन्देही जिल्लाको गडेडी गा.वि. भित्र पर्ने ६ सामुदायिक विद्यालय मध्येका २ वटा सामुदायिक विद्यालयका प्राथमिक तहका थारू बालिकाहरूको शैक्षिक अवस्था, शिक्षामा देखा परेका समस्या तथा समस्या समाधान गर्ने उपाय पहिल्याउने क्रममा नमूना छनोट गरिएको व्यक्तिहरूसँग अन्तर्वार्ता, छलफल, प्रश्नावली, सर्वेक्षण फाराम आदिबाट प्राप्त जानकारीको आधारमा विभिन्न पक्षहरूलाई समावेश गरी थारू बालिकाहरूको भर्ना स्थिति, कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने तथा उपलब्धिस्तरलाई हेर्नुका साथै उनीहरूको शिक्षा प्राप्तिको समस्या तथा समाधानका उपायहरू पत्ता लगाउने प्रयास गरिएको छ । यस अध्ययनबाट निम्न अनुसारका परिणामहरू पाइएका छन् ।

समग्रमा थारू बालिकाहरूको भर्ना स्थितिलाई हेर्दा गैर थारू बालिकाहरू भन्दा न्यून रहेको छ । उपलब्धीस्तरलाई पनि राष्ट्रिय गत रूपमा हेर्दा त्यति सन्तोषजनक छैन । त्यस्तै अध्ययन क्षेत्रमा आफ्ना छोरीहरूलाई विद्यालय नपढाउने अभिभावकहरू मध्य पनि आफ्ना छोरीको पढाइ प्रतिको कुरामा त्यति चासो नरहेको देखिएको छ । यसबाट के स्पष्टहुन्छ भने वास्तवमा थारू बालिकाहरूले शिक्षा प्राप्तिमा निकै समस्या भोग्नु परेको छ । थारू बालिकाहरू ९-१० वर्ष पुग्दा नपग्दैको उमेरदेखी उज्यालो हुने वित्तिकै टाउकोमा गोबर बोकेर टाढा खेतमा रहेको मलखाद सम्म पुऱ्याउनुपर्ने बाध्यता रहेको छ । साथै उक्त काम सकेर घरमा खाना पकाउन सहयोग गर्नुपर्ने भाइबैनी हेनुपर्ने जस्ता कामले गर्दा पढ्ने फुर्सदनै नहुनाले थारू बालिकाहरूको शैक्षिक संलग्नतामा अतिनै समस्या देखियो । गरीबि, अशिक्षा, अज्ञानतको भुमरीमा परेर थारू बालिकाहरूको विद्यालय शिक्षामा उपस्थिति, संलग्नता तथा उपलब्धी त्यति राम्रो हुनसकेको छैन तरपनि विभिन्न वर्षको सालगत विवरणहरूलाई हेर्दा तुलनात्मक रूपमा थारू बालिका हरूको शिक्षामा संलग्नता राम्रो भएको पाइएको छ । सर्वेक्षणको आधारमा थारू बालिकाहरू मध्ये ६०.४६ प्रतिशत विद्यालय जाने १७.६० प्रतिशतले विद्यालय छाडेका र २१.८६ प्रतिशत बालिकाहरू कहिल्यै पनि विद्यालय नगएका रहेछन् ।

अभिभावकहरू मध्य ५(२५%) जनाले शिक्षाको महत्व बारे बुझिसकेको तर गरिवीका कारणले महत्व बुझेर पनि थारू अभिभावकहरू समस्या निराकरण गर्न नसक्ने अवस्थामा रहेकाछन् । सानै उमेरमा विवाह हुने चलनले गर्दा छोरीहरूमा आमाबाबुको भन्दा केटापक्षको बढीहरू लाग्ने हुनाले छोरीलाई कति पढाउने हो होइन, भन्ने विषयमा आफै निर्णण गर्न सक्दैनन,१० (५०%) जना अभिभावकहरू भने छोरीले पढेर जागिर गर्ने होइन, किन पढाउने भन्ने सोचाई राखेको पनि भेटियो । विद्यालयमाहरूमा छोरीहरू पढ्न गए भने विपरित लिङ्गीसंग आकर्षित भएर छोरी विग्रने पनि धेरैको पाइयो त्यस्तै छोरीहरू विद्यालय नजादा कर गरेर नपढाउने गाउको विवाह वा पुजा आजामा छोरीहरू विद्यालय पढन नगएपनि वास्ता नगर्ने ८ (४०%) जना अभिभावकहरू रहेको पाइयो । थारू बालिकाहरूको शैक्षिक उपलव्धि गैर थारू बालिकाको तुलनामा कम छ जम्मा थारू बालिका मध्ये ९२.३० प्रतिशत परीक्षामा सम्मिलित छन् भने ७३.३३ प्रतिशत उत्तीर्ण भएका छन् ।

थारू बालिकाहरूलाई घरेलु कामकाजले बढी थिचेर तथा सामाजिक, सांस्कृतिक चालचलनले गर्दा धेरै जसो विद्यालयमा उपस्थित हुन सकेको भेटियो । त्यस्तै विद्यालय गइहाले पनि विद्यालयमा नियमित र सुचारू रूपले पठनपाठन संचालन नभएको पाइयो । थारू बालिकाहरू नियमित रूपमा कापी, कलम लिएर नआउने गरेकाले अभिभावकहरूको छोरीहरूको शिक्षाप्रति त्यति चासो नभएको पाइयो । थारू बालिकाहरूको कक्षा दोहोऱ्याउने स्थिति गैर थारू बालिकाहरूको भन्दा बढी पाइयो । कक्षा १ देखि ५ सम्मको थारू बालिकाहरूको कक्षा दोहोऱ्याउने संख्या २१.९१ प्रतिशत रहेको छ ।

थारू बालिकाहरू पारिवारिक सामाजिक, सांस्कृतिक र आर्थिक कारणहरूले गर्दा पनि समस्यामा अल्मलिएका छन् । सामाजिक कारणमा सानै उमेरमा विवाह हुने भएकाले उनीहरू विद्यालयमा जान पाउदैनन् । गइहालेपनि वीचैमा पढाई छाड्नु पर्ने बाध्यता हुन्छ । सांस्कृतिक कारणमा गाऊ घरमा हुने पुजा आजा, विवाह जस्ता संस्कारहरूको कारण उनीहरूलाई त्यस्तोकार्यमा बढी संलग्न गराउने कुरा ९ (४५%) जना अभिभावकहरूको रहेको छ । पारिवारिक कारणमा भने घरमा धेरै भन्दा धेरै काम गर्नु पर्ने र अभिभावकहरूको शिक्षाप्रतिको गलतधारणाले गर्दा समस्या भोग्नुपरेको र परिवारलाई आफुले कमाएर पाल्नु पर्ने अवस्था पनि हुने भएकाले नियमित विद्यालय जान नपाएको पाइयो । त्यसैले कक्षा छाड्नुपर्ने बाध्यता भएको छ । कक्षा छाड्ने अवस्थालाई हेर्दा जम्मा थारू बालिका मध्ये १३.०१

प्रतिशतले कक्षा छाडेको पाइयो भने गैर थारू बालिकाहरूमा कक्षा छाड्नेको संख्या २.१० प्रतिशत रहेको छ ।

थारू बालिकाहरू विद्यालय पढ्न नजाने जड कारण पत्ता लगाएर त्यसको समाधान गर्न ध्यान दिनुपर्ने देखिन्छ । गरिवी निराकरण र जनचेतना जगाउने कार्यक्रमको प्रभावकारीता विना यो कार्यक्रमले पूर्णता पाउला भन्न सकिदैन । यसको सफलताको लागि त्यस्तो क्षमता राख्ने विद्यालयको भौतिक वातावरण, विशिष्ट क्षमताबान तालिम प्राप्त शिक्षकको व्यवस्था गर्नु आवश्यक हुन्छ । प्रा.वि. तहमा राखिएका विविध विषय शिक्षणगर्न सक्ने त्यस्ता क्षमतावान् शिक्षकको उत्पादन गर्नु तथा उनीहरूलाई सेवा प्रवेश गराउनु आफैमा कम चुनौतिपूर्ण कार्य होइन । हाम्रो भौगोलिक वनावट, राजनैतिक अवस्था, राष्ट्रको शिक्षा नीति, सामाजिक संरचना आदिले यसको कार्यान्वयनमा निकै चुनौति थपेको देखिन्छ ।

बालअधिकार सबन्धी माहा सन्धी सन् १९८९ नोभेम्वर २० मा संयुक्त राष्ट्र संघको माहासभाद्वारा पारित गरिएको छ । जसले बाल अधिकार सम्बन्धी घोषणा पत्र जारी गरेको छ । संयुक्त राष्ट्रसंघको यस घोषणालाई वालबालिकाको मौलिक अधिकारका रूपमा लिइएको छ । विकासोन्मुख मुलुकहरूले प्राथमिक शिक्षालाई समेत मौलिक अधिकारको रूपमा लिएका छन् । आजका वालबालिका भोलीका राष्ट्रको कर्णधार हुन । बालबालिकालाई उचित शिक्षा दिएमा भोलीको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न सजिलो हुन्छ ।

संयुक्त राष्ट्रसंघको वालअधिकार सम्बन्धी घोषणालाई सफल कार्यान्वयन गर्न सन् १९९० मा थाइल्याण्डको जोमटिन भन्ने ठाउमा संयुक्त राष्ट्रसंघको पहलमा विश्व शिखर सम्मेलन भयो । यसले प्राथमिक शिक्षामा जोडदिदै सवैका लागि शिक्षा भन्ने नारा अगाडि ल्यायो । सन् २००० सम्ममा प्राथमिक शिक्षामा सुधार गर्न १४ वर्ष उमेर पुगेको केटाकेटी मध्य कम्तीमा ८४ प्रतिशतलाई शिक्षा दिने उद्देश्य राखियो । यसै गरी सन् २००० को डकार सम्मेलनले गुणस्तरीय शिक्षाको नारालाई अगाडि सारी सन् २०१५ सम्म सवै वालबालिकाहरूलाई विद्यालय तहमा अनिवार्य भर्ना गराउने उद्देश्यका साथ अगाडि बढेको छ । साथै वालबालिकाहरूको मौलिक अधिकारलाई सुरक्षित गर्ने प्रयास गरेको छ ।

यिनै कुराहरूलाई आधार बनाएर थारू बालिकाहरूको शैक्षिक पृष्ठभूमीलाई हेर्दा उनीहरूको शैक्षिक अवस्थाको बारेमा यो अध्ययन अघि बढाइएको छ । यसरी विभिन्न राष्ट्रिय तथा

अन्तराष्ट्रिय घोषणा पत्रका आधारमा थारू बालिकाहरूलाई शिक्षाको मूलधारमा ल्याउनका लागि गरिने उपायका विषयमा शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको धारणा विभिन्न किसिमका रहेको पाइयो ।

## ५.२ निष्कर्षहरू

थारू बालिकाहरूको प्राथमिक तहको शैक्षिक अवस्था अध्ययन पछि निस्किएको परिणामलाई निष्कर्षका रूपमा समावेश गरिएको छ । यस अध्ययनबाट निम्न निष्कर्ष निकालिएको छ । विगतको तुलनामा थारू बालिकाहरूको संख्यामा तुलनात्मक बृद्धि भएको देखिन्छ । तर कक्षा दोहोऱ्याउने र छाड्ने प्रवृत्ति भने यथावत रहेको छ । अध्ययन क्षेत्रको विद्यालयहरूमा थारू बालिकाहरूको सहभागिता बढे पनि अध्ययन क्षेत्रका वडाहरूमा प्राथमिक तह पूरा नहुँदै विद्यालय छाडेका र कहिल्यै विद्यालय नभएकाहरूको संख्या उच्च छ । उपलव्धी पनि गैरथारू बालिकाहरूको भन्दा थारू बालिकाहरूको कम देखिएको छ । वास्तविक शिक्षाको मर्म बुझेर छोरीलाई विद्यालय पठाउने अभिभावकहरूले परम्परागत सोचाईका कारण छोरालाई मात्र विद्यालय पठाउने गरेका छन् । थारू बालिकाहरूको शैक्षिक उपलव्धि पनि गैर थारू बालिकाको भन्दा कम छ । यिनीहरूको उपलव्धिस्तर ७३.३३ प्रतिशत, कक्षा छाड्नेदर १३.०१ प्रतिशत र २१.९१ प्रतिशत रहेकामा गैर थारू बालिकाको तुलनामा बढी हो भने उपलव्धी स्तर कम हो ।

यस अध्ययनबाट प्राप्त जानकारी र उपलव्धीलाई हेर्दा घरको आर्थिक अभाव, अभिभावकहरूमा शैक्षिक सचेतनामा कमी, उचित सुझाव दिने व्यक्तिको अभाव परिवारको संख्या ठूलो हुनु, सानैमा विवाह हुनु जस्ता विभिन्न कारणले प्राथमिक तहमा थारू बालिकाहरूको शैक्षिक उपलव्धी अन्य जातिका बालिकाहरूको तुलनामा कम छ । साथै कक्षा दोहोऱ्याउने र कक्षा छाड्नेदर गैर थारू बालिकाहरूको भन्दा बढि छ ।

संविधानद्वारा लिङ्गका आधारमा कुनैपनि नेपालीलाई भेदभाव नगरिने कुरा निर्दिष्ट नगरिएता पनि बहुसंख्य नेपाली महिलाहरू अशिक्षा, अस्वथता गरिबी, रूढिबादी, सांस्कृतिक परम्परा, भेदभावपूर्ण कानुनी व्यवस्था आदिका कारण समाजका विविध क्षेत्रमा पछि परेका छन् । अझ यो थारू जस्तो पिछडिएको समुदायमा बालिकाहरू उत्पीडित उपेक्षित र असुरक्षित जीवनयापन गर्न बाध्य भएका छन् । यो वास्तविकतालाई ध्यानमा राखी नेपाली महिलाहरूको

उत्थानका लागि सरकारीस्तरबाट विभिन्न नीति तथा कार्यक्रमहरू छैठौं पञ्चवर्षिय योजना देखिनै समावेश हुँदै आएका छन् । विभिन्न कार्यक्रमहरू संचालन गरिएको र सो अनुरूप संस्थागत विकास गरिएको भएता पनि महिलाहरू माथी गरिने भेदभावपूर्ण व्यवहारहरूको अन्त्य भने हुन सकेको छैन । लैङ्गिक समानता कायम गरी महिलाहरूलाई पनि पुरूषहरूले सामाजिक विकासमा सहभागिता गराउन निकै जरूरी छ । यही कार्यलाई निरन्तरता दिन आठौं योजनामा महिला तथा समाज कल्याण मन्त्रालयको व्यवस्था गऱ्यो । नवौं योजनाले पनि महिला छात्रवृत्ति, महिला छात्रवास, महिला शिक्षकको व्यवस्था तथा पुरस्कार सम्बन्धी कार्यक्रमको विस्तार गरेको छ र दशौं योजनाले सवै वर्ग एवं तहमा लैङ्गिक समानताको चेतना अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

## ५.३ सुझावहरू

थारू बालिकाहरूको शैक्षिक अवस्था अध्ययनको आधारबाट निकालिएको प्राप्ति र निष्कर्षको आधारमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

शिक्षाको प्रारम्भिक तह देखि नै लैङ्गिक समानता र सामाजिक आर्थिक समानता वर्तमान समयको माग र आवश्यकता बन्न पुगेको छ । शिक्षा क्षेत्रमा फराकिलो सोचाई भयो भने मात्र सामाजिक विविधताको अधिकतम व्यवस्थापन गर्नु पर्दछ ।

बालबालिकाहरू विद्यालय पढ्न नजाने मुख्य कारण पत्ता लगाएर त्यसको निराकरण गर्न ध्यान दिनु पर्ने देखिन्छ । लैङ्गिक असमानतालाई हटाउन तथा वाल विवाह प्रथालाई रोक्ने व्यवस्था व्यावहारिक र नीतिगत रूपमा लागु गर्नुपर्ने देखिन्छ ।

मातृभाषामा प्राथमिक शिक्षा दिने नीतिको व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । यसको लागि स्थानीय तथा केन्द्रिय तहबाट प्रभावकारी कार्यान्वयन गर्ने कुरा सम्बन्धीत निकायबाट प्रतिवद्धताको रूपमा स्पष्ट पार्नुपर्ने हुन्छ । यसलाई कार्यरूप दिन सम्बन्धित पक्षको दरिलो प्रतिवद्धता हुनु जरूरी छ ।

विद्यालयहरूमा लैङ्गिक तथा जातीगत अवधारणाका बारेमा समय समयमा अभिभावकलाई जानकारी गराउनु पर्दछ । त्यस्तै विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकहरू समुदाय प्र.अ. र शिक्षक एक आपसमा समन्वय गरी समय समयमा छलफल अन्तरक्रिया

जस्ता कार्यक्रमहरू सञ्चालन गरी वास्तवमै विद्यालय र समुदायमा भएका समस्याहरू के के हुन भन्ने मुल कुरा पत्ता लगाएर समस्या समाधानको उपायमा लागि परी विद्यालय छाड्ने समस्या र निरक्षरताको दरलाई कम गर्नुपर्ने उपाय अपनाउनु पर्दछ ।

थारू बालिकाहरूको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि सरकारी गैर सरकारी संघ संस्था र विद्यालय मार्फत अनिवार्य शिक्षा सहुलियत, निशुल्क शिक्षाको व्यवस्था जता कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । साथै छात्रा छात्रवृत्तीलाई पनि प्रभावकारी रूपमा संचालन गरी समयमै छात्रवृत्तिहरूलाई लक्षित समूहसम्म पुग्ने व्यवस्था पर्दछ ।

थारू बालिकाहरूका लागि मातृभाषामा आधारभूत तथा प्राथमिक शिक्षाको व्यवस्था हुनुको साथै थारू बालिकाहरूको प्राथमिक शिक्षमा पहुँच विस्तार गर्नका लागि स्थानीय थारू महिला शिक्षकको व्यवस्था तथा नियुक्तीमा जोड दिनु पर्दछ ।

यस अध्ययनबाट अन्य विषयवस्तुका बारेमा अनुसन्धान मुलक खोज गर्नुपर्ने देखिन्छ । थारू बालिकाहरूको सामुदायिक विद्यालयमा सहभागिता थाहा पाएपछि थारू अभिभावकहरूको आफ्ना छोरीहरूलाई नीजि विद्यालयमा भर्ना गर्ने कुरामा कस्तो अवधारणा छ त ? के उनीहरूले छोरालाई नीजि विद्यालयमा र छोरीलाई सामुदायिक विद्यालयमा त पढाएका छैनन्? भन्ने कुरामा अनुसन्धान गर्नुपर्छ ।

थारू बालिकाहरूले सानैमा विवाह गर्ने कारणले पढाई छाड्ने गरेको र पठन जान नै नपाउने जस्तो देखियो । सानै उमेरमा ठेकी लगाउने (सानैमा अवोध अवस्थामै बाबुआमाले विहेको छिनोफानो गर्ने र ठूलो भएपछि पठाउने) परम्पराले गर्दा केटाको परिवारको अधिकार रहने यस जातिका बालिकाहरू अतिनै पिडीत भएका छन् ।

यस्तो अहिलेको आधुनिक युगमापनि यस्तो परम्पराको अन्त्य किन नभएको र केटाले आफ्नो घरमा नलगुन्जेल शिक्षा दिने कुरामा आमा बाबुको निर्णयभएपनि हुने तर कुन कुरा त्यस्तो छ । जसले आमा बाबुको अधिकारलाई बञ्चित गरेको छ भन्ने विषयमा अनुसन्धान गर्नुपर्छ ।

थारू बालिकाहरूका अभिभावकहरू छोरीलाई विद्यालय पठाउने कुरामा पढेर के काम भनने सोचाई राख्दछन् । बालिकाहरूपनि आफ्ना घरेलुकामले विद्यालय अनियमित रहेको कुरा स्पष्ट छ । के अभिभावकहरू काम काज बढी भएको बेलामा छोराहरूलाई पनि घरमा रोकेर

राख्ने गर्दछन् ? के थारू बालिकाहरू जस्तै थारू बालकपनि विद्यालय अनियमित हुन्छन् ? भन्ने विषयमा अनुसन्धान गर्नुपर्छ ।

त्यस्तै लैङ्गिक भेदभाव हटाउने, महिलाहरूलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने सशक्तिकरण गर्ने, असमान कानुनहरूमा सुधार गर्ने जस्ता कार्यक्रमहरू प्रत्येक योजनामा समाविष्ट गरिएको देखिन्छ । एकातिर पटकैपिच्छे योजनाहरूमा उहि कार्यक्रमहरू दोहोरीएको तथ्यले यो कागजी र सैद्धान्तिक रूपमा बोलिदै आएको कुरा हो तर कार्यान्वयन र व्यवहारमा भने आउनै नसकेको प्रमाणित हुन्छ भने अर्कोतिर उल्लेखित विभेदहरू भोगिरहेका आमा महिला तथा बालबालिकाहरू सम्म योजनामा कार्यक्रमहरूले अपेक्षित मात्रामा कुनै प्रभाव पनि सकेको देखिदैन ।

यसलाई सुधार गरी समयमै सम्बन्धित पक्ष सचेत भई राष्ट्रवाट पनि यस्तो समस्या समाधानमा विशेष पहलगरी नीति तथा कार्यक्रम निर्माण गरी छिट्टै कार्यान्वयन गरेमा थारू बालिकाहरूको शैक्षिक अवस्थामा देखिएको समस्या समाधान गर्नको लागि सहयोग पुग्ने देखिन्छ । साथै उनीहरू आफ्ना छोरीहरूको पढाईप्रति सचेत भई सवै थारू बालिकाहरू विद्यालयमा भर्ना भई पढ्न सक्ने छन् । यस्तो काम गर्न सकेमा थारू समुदायमा रहेको छोरी विद्यालय पढाउनु हुदैन भन्ने कुविचार हटाई समग्र देशकै बालबालिकाको शैक्षिक समस्या समाधान भई शैक्षिकस्तर माथि उठ्ने थियो ।

# सन्दर्भसामग्री


अर्याल, बुद्धिसागर, (२०६०), थारू जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था, ललितपुर : अप्रकाशित स्नातकोत्तर शोधपत्र, पाटन संयुक्त क्याम्पस ।

आचार्य, बलराम (२०६२), अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन, काठमाण्डौ : नेशन बुक हाउस, ।

कोईराला, विद्यानाथ, आचार्य, सुन (२०६३), सामाजिक न्यायको सेरोफेरो, कीर्तिपुर : स्टुडेन्स बुक्स पब्लिसर्स, ।

कोईराला, विद्यानाथ (२०५९), सामाजिक न्याय प्रबर्द्धन, सामाजिक न्याय शिक्षामा, काठमाडौं : त्रि.वि., शिक्षा शास्त्र संकाय, ।

गुरुङ्ग, हर्क, (२०६३), जनजाति सेरोफेरो, काठमाडौं : नेपाल आदिवासी जनजाति महासंघ, ।

घिमिरे, तारानाथ (२०५९), थारु आदिवासी नेपाल, बिराटनगर : बिराटनगर प्रकाशन ।

चौधरी कमल, (२०६१), थारू भाषा एक चिनारी, काठमाडौ : नेपाल आदिवासी जनजाती महासंघ, ।

चौधरी, भुलाई (२०५५), थारू जातीको परिचय, काठमाडौं अनौपचारिक सेवा केन्द्र (इन्सेक), ।

चौधरी, शंकरलाल, (२०६१), थारू समुदाय एक झलक, काठमाडौं : नेपाल आदिवासी जनजाती महासंघ, ।

ढकाल, चुडामणी, (२०६३), थारू छात्राहरुको प्राथमिक तहको शैक्षिक अवस्था, कीर्तिपुरः अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि.।

पञ्जियार, तेजनारायण (२०५८), नेपालका राजा तथा तराईका थारू, कीर्तिपुर : नेपाल एसियाली अनुसन्धान केन्द्र, त्रि.वि.वि. ।

प्रसाद मोहनलाल (२०३४), थारू जाति र थारू संस्कृति, काठमाडौं : द्वितीय पुष्प ।

रुपन्देही जिल्ला एक परिचय (२०६४), रुपन्देही : जिल्ला विकास समिति रुपन्देही ।

**रुपन्देही विकास पत्र** (२०६५),**रुपन्देही : जिल्ला विकास समिति रुपन्देही ।**

**रेग्मी**, **ऋषीकेशवराज** (२०३५), **एक स्रोत**, **काठमाडौं : साझा प्रकाशन**, **तीन धारा**, **।**

**शर्मा**, **मेदिनी**, (२०४४), **थारू जाति एक अध्ययन**, **विराटनगर : विराटनगर प्रकाशन ।**

**शैक्षिक तथ्याङ्क** (२०६३), **रुपन्देही : जिल्ला शिक्षाका कार्यालय रुपन्देही ।**

Aryal, Sashi (2001), Study on the Conditions of Higher Performing Girls in Primary School, Denmark : Unpublished M.Phil Thesis in Education, The Densih University of Education, Copenhagen.

Basnet, Narayan (1978), **A**ccess to Education of the Tharus Children in Haridwar Village Panchayat of Dang District, Kathmandu: Unpublished M.A. Thesis.

Khanal Pesal (2061), Education Research Methodology, Kirtipur : Students Book Publish.

Kothari, C.R. (1990), Research Methodology, Methods and Techniques, New Delhi : 2nd Edition, Wishwa Prakashan.

Population Monography of Nepal (2004), Kathmandu :Vol I and Vol III, Central Bureau of Statistics.

Rajure, D.P. (1981), The Tharu Women in Shankhwa, Kathmandu : (The State of Women in Nepal; Field Study Vol II Part 3), CEDA, T.U.

Statistical Packet Book of Nepal (2006), Kathmandu : Central Bureau of Statistics.

Tharu, Lok Bahadur (2001), Education Status of Tharu Community , Kirtipur : (A Case Study of Palabhar and Gola VDC of Bardia District), and Unpublished MA Thesis Department of Gography, T.U.

UNICEF/Education for all girls Too! (2009, Janury, 15, Educational Pages P.1

## परिशिष्ट १

## अध्ययनका लागि नमूना छनोट गरिएका विद्यालय हरु

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री गजेडी उच्च मा.वि. | गजेडी ४, रुपन्देही |
| २ | प्रगति मा.वि. | गजेडी २, रुपन्देही |

# प्राथमिक तहका थारु वालिकाहरुको शैक्षिक अवस्था

## परिशिष्ट २

घरधुरी सर्वेक्षणका लागी पारिएको फारम

घर नः-

घरमुलीको नाम...................................................... थारु ☐ गैर थारु ☐

परिवारसंख्या ..................................................... महिला सं ☐ पुरुष सं ☐

## विवरण

| ५ वर्ष मुनी | | | | ५-७ | | | | ७-१० | | | | ११-१३ | | | | १३-१५ | | | | १५ भन्दा बढि | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वि. जाने | | वि.नजाने | | वि. जाने | | वि.नजाने | | वि. जाने | | वि.नजाने | | वि. जाने | | वि.नजाने | | वि. जाने | | वि.नजाने | | वि. जाने | | वि.नजाने | |
| म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

६-९उमेर समुहमा विद्यालय नगएका बालिकाहरु संख्या ☐

६-९उमेर समुहमा विद्यालमय छोडेका ☐

घरका परिवारहरुको शैक्षिक स्थिति

| निरक्षर संख्या | सारक्षर मात्र संख्या | प्रा.वि भन्दा बढी पढ्दै संख्या | प्रा.वि . अध्यनरत | बीचैमा पढन छोडेका | एस्. एल.सी.वा सो भन्दा माथि |
|---|---|---|---|---|---|
| म. पु | म. पु | म. पु | म. पु | म. पु | म. पु |
| म. पु | म. पु | म. पु | म. पु | म. पु | म. पु |
| म. पु | म. पु | म. पु | म. पु | म. पु | म. पु |

# परिशिष्ट ३

## थारु बालिकाहरुको कक्षाकोठा क्रियाकलाप सहभागिता हेर्नका लागि तयार पारिएको रुजुसुची

नाम ..........................................................................................................

कक्षा........................... गा.वि.स................................ वडा...........................

| सि.न. | विद्यार्थी क्रियाकलाप | उत्तम | मध्यम | सामान्य | ठिकै | न्यून |
|---|---|---|---|---|---|---|
| १ | कक्षामा ध्यान दिएर सुन्छ | | | | | |
| २ | विषय संग सार्न्दभिक प्रश्न सोध्छ | | | | | |
| ३ | छलफलमा सहभागी हुन्छ । | | | | | |
| ४ | कक्षा कार्य गर्छ । | | | | | |
| ५ | गृहकार्य गरेर ल्यााउछ | | | | | |
| ६ | समयमा स्कुल आउछ । | | | | | |
| ७ | कापी ,कलम ,लिएर स्कुल आउछ | | | | | |
| ८ | अरु विद्यार्थी संग मिलेर काम गर्छ | | | | | |
| ९ | अतिरिक्त क्रियाकलापमा भाग लिन्छ । | | | | | |
| | सोधेका प्रश्नको उत्तर दिन्छ । | | | | | |

# परिशिष्ट ४
# विद्यालय सर्वेक्षण फाराम

विद्यालयको नामः......................................................

कक्षा १–५ का जम्मा विद्यार्थी संख्या

कक्षा १–५ का जम्मा बालिका संख्या

कक्षा १–५ का थारुबालिका संख्या

| उमेर | कक्षा | | | | | उमेरगत विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८–९ | | | | | | | |
| १० | | | | | | | |
| १० भन्दा बढी | | | | | | | |
| कक्षागत विद्यार्थी संख्या | | | | | | | |

विद्यार्थीको शैक्षिक विवरण

नतिजाः उर्त्तिण ☐ अनुर्त्तिण ☐

श्रेणी प्रथम ☐ द्वितीय ☐ तृतीय ☐

थाहानभएको

प्र. अ. को हस्ताक्षर

## प्राथमिक तहका थारु वालिकाहरुको शैक्षिक अवस्था
## परिशिष्ट ५
## थारु अभिभावकका लागि प्रश्नावली

तपाईको नाम :- परिवार संख्याः-

उमेरः- छोराः- छोरीः-

शैक्षिक योग्यताः- पेशाः-

१. तपाईका छोरा-छोरी दुवै विद्यालय जान्छन् ?

(क) छोरा मात्र जान्छन (ख) छोरी मात्रै जान्छन

(ग) दुवै जादैन्न (घ दुवै जान्छन्

२ यदि हजुरका छोरी पनि विद्यालय गएका छन् भने किन विद्यालय पठाउनु भएको ?

(क) फिस नलाग्ने भएर

(ख) थारुका छोरी पनि अघि बढ्नु पर्छ

(ग) अरुहरुले पनि पठाउाछन् ।

(घ) राम्रो घरमा बिहे गराउन्

३. यदि छोरी विद्यालय नगएर छोराहरु मात्र जान्छन् भने किन ?

क छोरीले पढेर के काम

ख धेरै छोरी भएकाले

ग अर्काको घर जाने जात

घ गरीबी

४. छोरी विद्यालय पढाउनु भएको रहेछ । कति सम्म पढाउने विचार गर्नु भएको छ ?

क) ५ कक्षा

ख) ८ कक्षा

ग) एस.एल.सी

घ) आए.ए.

६.छोरीलाई विद्यालय पढाउने पर्छ भन्ने धारणा कहाा बाट पाऊनु भयो ?

क) रेडियो बाट

ख) गाऊका ठुला वडाबाट

ग) विद्यालयका शिक्षकबाट

घ) श्रीमान बाट

# प्राथमिक तहका थारु बालिकाहरुको शैक्षिक अवस्था

## परिशिष्ट ६

## प्र.अ. का लागी तयार पारिएको अर्न्तवार्ता प्रश्नावली

१. तपाईको विद्यालयमा थारु बालिकाहरु नियमित विद्यालय आउछन् कि आउदैन्न ?

........................................................................................................................

२. नियमित हुदैन्न भने कुन समयमा बढी अनियमित हुने गर्दछन् ?

........................................................................................................................

३. तपाईको विद्यालयमा थारु बालीकाहरुको सहभगिता बढाउनका लागी विद्यालयले कस्तो कार्यक्रम  ल्याउने गर्छ ?

..................................................................................................................

४. थारु बालिकाहरुको विद्यालय छोडाइदर अन्य बालीका को तुलनामा कम वा बढी के छ ? कम छ भने किन ?

........................................................................................................................

५. थारु बालिकाहरु विद्यालयको अतिरिक्त क्रियाकलापमा कत्तिको सहभागि हुन्छन् ?

........................................................................................................................

६. थारु अभिभावकहरुको उनिहरुका छोरीहरुको  पढाई प्रतिको धारणा कस्तो पाउनु हुन्छ ?

........................................................................................................................

७. विद्यालयमा अन्य विद्यार्थीको तुलनामा थारु बालिका संख्या बढाउनका लागि के कस्तो उपाय अपनाउनु पर्ला जस्तो लाग्छ ?

........................................................................................................................

८. थारु बालिकाका लागि केहि विशेष कार्यक्रम छ कि ? छ भने कस्तो ?

........................................................................................................................

९. थारु समुदायमा कस्तो सामाजिक सांस्कृतिक प्रभाव रहेको छ ?

........................................................................................................................

१०. तपाई प्र.अ. को नाताले थारु अभिभावकहरुलाई के सुझाव दिन चाहनुहुन्छ ?

........................................................................................................................

## प्राथमिक तहका थारु बालिकाहरुको शैक्षिक अवस्था
## परिशिष्ट ७
## शिक्षकका लागी तयार पारिएको अर्न्तवार्ता प्रश्नावली

शिक्षकको नाम :–...................... पढाउने विद्यालय ................................

पदः–................................... पढाउने विषय............................... .....

तहः–.......................................

१. तपाई कति कक्षाको कक्षा शिक्षक हुनु हुन्छ ?

..................................................................................................

२. तपाईको कक्षामा थारु बालीका संख्या कति छन् ?

..................................................................................................

३. के थारु बालीकाहरु नियमित कक्षामा हाजिर हुन्छन कि हुँदैान्न? हुँदैान्न भने किन ?

..................................................................................................

४. थारु बालीकाहरु कक्षाका हरेक कार्यमा सहभागी हुन्छन् कि हुँदैान्न ? हुदैन्न भने किन ?

..................................................................................................

५. कति वर्ष उमेर पुगेका थारु बालिकाहरु तपाईको कक्षामा पढ्ने गर्छन् ?

..................................................................................................

६. किन धेरै वर्ष पुगेका थारु बालिकाहरु पनि प्रा वि तहमै पढ्दै होलान् ?

..................................................................................................

७. के तपाईले थारु अभिभावक संग भेट घाट गर्नु भएको छ ?

..................................................................................................

८. उनिहरुको छोराहरुको पढाई प्रति कत्तीको चासो राख्छन् ?

..................................................................................................

९. थारु बालीकाले अन्य बालिबाले जस्तै बिचैमा कक्षा नछाडने गराउनका लागी के उपाय अपनाउनु पर्ला ?

..................................................................................................

१०. विद्यालयमा थारु बालीकाको भर्नालाई बढाउनका लागी के गर्नु पर्ला ?

..................................................................................................

## प्राथमिक तहका थारु वालिकाहरुको शैक्षिक अवस्था

## परिशिष्ट ८

## विद्यालय व्यावस्थापन तथा शिक्षक अ.अध्यक्ष लाई तयार अर्न्तवार्ता प्रश्नावली

१. तपाई विद्यालय व्यावस्थापनको अध्यक्ष हुनुहुन्छ वा शिक्षक अभिभावक संघको अध्यक्ष हुनुहुन्छ ?

..............................................................................................................

२. तपाईको विद्यालयमा थारु बालिकाहरु पढन आउछन कि आउदैनन्

..............................................................................................................

३. आउछन् भने कस्तो सामाजिक परिवेश बाट आउने गर्छन ?

..............................................................................................................

४. के थारु अभिभावकले आफ्ना बालिकालाई नियमित विद्यालय पढाउछन् ?

..............................................................................................................

५. थारु अभिभावकहरुले आफ्ना छोराछोरीलाई कति कक्षा सम्म पढाउने गरेका छन् ?

..........................................................................................................

६. तपाई थारु बालिकाहरुको विद्यालयमा कस्तो क्रियाकलाप पाउनुहुन्छ ?

..............................................................................................................

७. उनिहरुका समस्याहरु के -के होलान् ? बताई दिनु हुन्छ की ।

..............................................................................................................

८. ति समस्याहरुले विद्यालयको पढाइमा वाधा पुयाउछ कि पर्‍याउदैन ?

..............................................................................................................

९. त्यस्ता समस्या समाधान गर्ने उपायहरु केहि छन् की ?

..............................................................................................................

१० तपाइ अध्यक्ष भएको नाताले थारु परिवारका बालीकाहरु लाई धेरै भन्दा धेरै विद्यालय नछाडी पढने बनाउनका लागी के गर्न सक्नुहुन्छ ?

..........................................................................................................

# प्राथमिक तहका थारु वालिकाहरुको शैक्षिक अवस्था

## परिशिष्ट ९

## विद्यालय जाने थारु बालिकाहरुसँग अन्तरवार्ताका लागि अर्न्तवार्ता प्रश्नावली

उत्तरदाताको नाम................................... विद्यालय.............................................

उमेर................................................... कक्षा.................................................

१. विद्यालय नियमित जान्छौ ?

...............................................................................................................

२. नियमित जान सकेका छेनौं भने अनियमित हुनका कारण के के हुन?

क........................................ ख...........................................

ग........................................ घ...........................................

३. तिमीले घरमा के के काम गर्नुपर्छ ?

क..........................................................................................

ख..........................................................................................

४. विद्यालयमा शिक्षाको लागि कुन कुन भाषा प्रयोग हुन्छ ?

..........................................................................................................

५. शिक्षकले पढाएको बुझ्न कुनै अप्ठायारो परेको छ ? छ भने कस्तो ?

..........................................................................................................

६. नबुझ्भेको कुरा शिक्षकसंग सोध्ने गरिन्छ कि गरिदैन ? किन ?

..........................................................................................................

७. तिम्रो कुनै साथीले पढ्न छोड्को त छैन ? छोड्यो भने किन ?

क ......................................................................

ख ......................................................................

८. तिम्रो घर नजिकको कुनै साथी विद्यालय नगई बसेको छ वा छैन् ? छ भने किन ?

..........................................................................................................

९. तिमी अतिरिक्त क्रियाकलाप भाग लिन्छौ वा लिदैनै ?

..........................................................................................................

१०. भाग लिन्छौ भने कस्तो त्रिलयाकलाप बढि भाग लिन मन लाग्छ ?

.........................................................................................................

११. तिमीहरुको पढाई राम्रो गराउन, रिजल्ट राम्रो गराउन कस्तो गरी पढाई गरे हुन्थ्यो जस्तो तिमीलाई लाग्छ ?

.........................................................................................................

१२. के भयो भने तिमी विद्यालय नियमित आउँछौ ?

.........................................................................................................

१३. परीक्षामा संलग्न हुन मन लाग्छ वा लाग्दैन ? किन ?

.........................................................................................................

१४. तिमी पास भयौ कि फेल भयौ ? पास भयौ भने कुन श्रेणीमा पास भयौ ?

.........................................................................................................

१५. तिम्रो पढाइको बारेमा अरु भन्नु केही छ की ?

.........................................................................................................